# अध्याय छ

## पञ्चायती व्यवस्था र मनमोहन अधिकारीको राजनीति (२०१७-२०४५)

### ६.१ वि.सं.२०१७ सालको शाही कदम

वि.सं.२००७ सालको शाही घोषणाअनुसार संविधानसभाको चुनाव हुन सकेन । प्रजातन्त्र स्थापनाको पछिको चारवर्ष राजा त्रिभुवनको शाशनकालमा नेपालमा भएको प्रजातान्त्रिक प्रयोगले अनेकौं अवरोधको सामना गर्नु पऱ्यो (शाह, सन् १९९६, पृ. ३२८) । विभिन्न कारण र वहनामा त्यसलाई टार्दै गएपछि वि.सं.२०१५ साल फाल्गुण ७ गतेदेखि आमनिर्वाचन गर्ने भनिए तापनि निर्वाचनको मिति नजिक आइसक्दासमेत संविधानत अस्पष्ट थियो । तथापि निर्वाचनको मिति केही दिन बाँकी रहेका बेला राजा महेन्द्रले संविधान बनाएर घोषणा गरेका थिए । उक्त संविधान जनचाहनाभन्दा पनि राजाको स्वार्थमा केन्द्रित थियो । संसदीय निर्वाचन पनि संविधानसभाको चुनाव टार्नका लागि मात्र गराइएको थियो । त्यस्तो अवस्थामा राजनीतिक दलहरू संविधानको विरोधमा लाग्दा समयमा संसदीय निर्वाचन नहुने अवस्था देखेर त्यसप्रति खासै चासो नराखी निर्वाचन तर्फ मात्र केन्द्रीत हुँदै गएका थिए । त्यस्तो हतार गरेर घोषणा गरिएको संविधानको धारा ५५ मा सङ्कटकालीन अधिकारको व्यवस्था गरिएको थियो (देबकोटा, वि.सं.२०५१, पृ. ६५९) जुन अधिकार राजाले प्रयोग गर्न पाउने व्यवस्था गरिएको थियो ।

राजा महेन्द्र आफै शक्तिसम्पन्न शासक बन्न चाहिरहेका बेला भएको निर्वाचनको परिणाम उनले सोचेभन्दा फरक आएको थियो । उनी निर्वाचित सरकार कुनै पनि हिसावले लोकप्रिय नहोस् भन्ने चाहन्थे । राजा महेन्द्र क्रान्तिपछिको उपलब्धिदेखि सन्तुष्ट थिएनन् (शाह, सन् १९९६, पृ. ३२९) । हुन पनि निर्वाचित सरकारले जनचाहनानुसारका काम गर्न सकिरहेको थिएन । पार्टीभित्रै पनि निर्वाचित सरकारको नीतिको विरोधबाट कांग्रेस विरोधि भावना जाग्रित गराउनका साथै राजालाई बैकल्पिक सोचतर्फ प्रोत्साहित गरियो (बराल, सन् १९७७, पृ. ३९) । जसको फलस्वरूप राजा महेन्द्रले वि.सं.२०१७ साल पुस १ गते सरकारमाथि विभिन्न किसिमका दोष लगाउँदै संसदीय व्यवस्थाको विघटन गरेका थिए । वास्तवमा संसदीय प्रजातान्त्रिक व्यवस्था प्रयोग गर्न नेपाल परिपक्क नभएको (सरण, सन् १९८२, पृ. ३७) भन्ने मत देखिए तापनि राजा महेन्द्र सुरुदेखि नै प्रत्यक्ष शासनको पक्षमा थिए ।

मनमोहन अधिकारी वि.सं.२०१६ सालमा चीनबाट फर्केलगत्तै संविधानको धारा ५५ को विरोध गरेका थिए । कुनै पनि बेला राजाले संविधानको त्यही धारा प्रयोग गरी शासनसत्ता आफ्नो हातमा लिन सक्ने कुरा नेपाली कांग्रेसका नेता एवम् प्रधानमन्त्री वी.पी.कोइरालासँग राखिसकेका थिए । तर उनी त्यस विषयमा त्यति गम्भीर थिएनन् । वास्तवमा राजा महेन्द्रले पहिलेदेखि नै

आन्तरिक रुपमा त्यस किसिमको योजना बनाएको र त्यस विषयमा तत्कालीन पार्टीका नेताहरू खासगरी ठूलो पार्टीका रुपमा रहेको नेकाले संविधानको धारा ५५ लाई गहन रूपले लिन नसकेका कारण राजालाई पुस १ गतेको कदम चाल्न राजनीतिक रूपले अनुकुल हुन गयो ।

## ६.२ गिरफ्तारी र जेल जीवन (वि.सं.२०१७–२०२५)

मनमोहन अधिकारी चीनबाट फर्केको लगत्तै विराटनगर गएर त्यहीबाट पूर्वाञ्चलतिरको पार्टी गतिविधिलाई अगाडि बढाउदै थिए । उनी पदीय हिसावले जिम्मेवारिमा नभए तापनि साङ्गठनिक काममा सक्रिय थिए (उपाध्याय, वि.सं.२०७० जेठ ७) । राजा महेन्द्रले शाही कदम चालेका दिन उनी विराटनगरस्थित आफ्नै निवासमा थिए । त्यहाँका वडाहाकिम हरि गिरीले उनीसहित मातृकाप्रसाद कोइरालालगायत त्यस क्षेत्रका राजनीतिक व्यक्तिहरूलाई केही महत्वपूर्ण विषयमा छलफल गर्ने भनी बोलाए । नेताहरू पनि विनासङ्कोच त्यहाँ पुगे । त्यसपछि देशमा चालिएको राजनीतिक कदमका बारेमा उनीहरूलाई जानकारी गराउँदै सबै जसोलाई हिरासतमा लिए ।

गिरफ्तार गरेपछि मनमोहन अधिकारीलगायतका नेताहरूलाई केही दिन विराटनगर बडाहाकिमको निगरानीमा राखियो । गिरफ्तारी पछि के गर्ने भन्ने स्पष्ट नहुँदा जसको निर्देशनमा नेताहरूलाई पक्राउ गरेका थिए, तिनीहरू नै अन्यौलमा परे । करिव डेढ महिना जती उनीहरूलाई पक्राउ गरिएकै ठाउँमा राखियो । त्यसपछिमात्र मनमोहन अधिकारी लगायतका केही नेतालाई काठमाडौं ल्याउने आदेशपछि दुई महिनाजति श्रीमहलमा र त्यसपछि नख्खु जेलमा लगेर राखियो । उक्त घटनालाई मनमोहन अधिकारीले (वि.सं.२०५६ भदौ २८) यसरी उल्लेख गरेको पाइन्छ :

> विराटनगरमा वडाहाकिम रहेका हरि गिरीले म, मातृका बाबु र त्यस क्षेत्रमा नेतृत्वदायी कम्युनिस्ट कार्यकर्ताहरूलाई योजनाको बारेमा छलफल गर्न भनी बोलाए । हामी सवै भेला भयौं । त्यसपछि उनले 'तपाईहरूलाई हिरासतमा लिन बोलाइएको हो भनी नियन्त्रणमा लिए । अनि हामीलाई बंगलाभित्र लगेर राखियो । त्यही खाने, बस्ने व्यवस्था गरी एक डेढ महिनासम्म हामी सवैलाई विराटनगरमै राखियो । पछि दामोदर शमशेर वडाहाकिम भएर गएपछि मातृका बाबुलाई हात लियो र छोडिदियो । अरुलाई पनि हात लिने र छोड्ने काम गऱ्यो । तर मलाई लामो समय जेलमा राख्ने योजना बनाएर काठमाडौं चलान गरियो । काठमाडौं ल्याएपछि सुरुमा मदन शमशेरको दरवारमा श्रीमहलको माथिल्लो तलामा सुरक्षा गार्डको निगरानीमा राखियो । तारिणीप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, रुद्रप्रसाद गिरी, त्रिभुवन सिंह र लोकदर्शनलाई पनि त्यही राखिएको थियो । हामी त्यहाँ डेढ-दुई महिना जति बस्यौं । त्यसपछि हामीलाई झन् लामो अवधिसम्म थुन्ने योजना बनाएर नख्खुजेल चलान गरियो । (पृ. २)

उपर्युक्त भनाइबाट सुरुमा पक्राउ परेका नेताहरूलाई पञ्चायतको समर्थन गर्न लगाउने र नमानेपछि जेलमा पठाउने उद्देश्य रोखेको प्रष्ट थियो । त्यतिबेला मनमोहन अधिकारीमाथि कुनै गम्भीर अभियोग केही नलगाइएको भए तापनि ६/६ महिनाको पक्राउ पूर्जि बनाएर थुनामा राख्ने गऱ्यो (अधिकारी, वि.सं.२०५८, पृ. १९) । उनी राजाको कदमप्रति अत्यन्त आक्रामक थिए । नेका

र नेकपाका नेताहरू, जसले धारा ५५ लाई सामान्य रूपमा लिँदै त्यसबाट 'आत्तिनु नपर्ने' भनेर सम्झाउने गरेका थिए, तिनीहरूसँग पनि उनी सन्तुष्ट थिएनन् । उनले ती नेताहरूमा रहेको राजनीतिक दूरदर्शिताको मूल्याङ्कन गरिरहेका थिए । राजाले चालेका कदम तथा राजनीतिक दलका नेता र कार्यकर्तामाथि गरिएको दमनको उनले डटेर सामना गर्न कार्यकर्तालाई जेलभित्रबाटै आह्वान गरे (अधिकारी, वि.सं.२०५६ भदौ २८, पृ. २) ।

मनमोहन अधिकारी जेलमा अध्ययन र चिन्तनमा व्यस्त रहने गर्दथे । त्यहाँ रहँदा उनले कम्युनिस्ट विचारधाराका विषयमा समय तालिका बनाएर कक्षा चलाउने, भेटघाट गर्ने र हप्ताको एक दिन त्यस विषयमा छलफल गर्ने गर्दथे (अधिकारी, वि.सं.२०५७ असोज ४, पृ. २) । आफू चाहि त्यसअघि नै अध्ययन गरिसकेका माओ र लेनिनका रचना तथा मार्क्सवादी साहित्य अध्ययन गर्दथे । जेलमा रहेका सबैजसो नेताहरूले सामान्यतः पढ्नमै समय बिताउथे । कमलराज रेग्मीका अनुसार नख्खु जेलमा मनमोहन अधिकारीले त्यहाँ रहेका नेता तथा कार्यकर्ताहरूलाई अङ्ग्रेजी भाषा सिकाउने, आफूले साहित्य र राजनीतिक दर्शनका किताबहरू अध्ययन गर्ने गर्दथे (वि.सं.२०७० बैशाख २४) । उनी आफै पनि गणितमा कमजोर रहेको महसुस गरी सँगै रहेका माणिकलाल श्रेष्ठसँग कोयर्डिनेट, ज्यामेट्री, मेकानिक्स र डाइनामिक्सलगायतका गाणितीय सिद्धान्तहरू सिकेका थिए (श्रेष्ठ, वि.सं.२०५६ बैशाख २५, पृ. क) । उनी स्वयम् नजानेका कुरा सिक्न तयार भएपछि अन्यलाई अझ हौसला मिलेको थियो ।

मनमोहन अधिकारी नख्खु जेलमा परेका बेला त्यहाँ नेका र नेकपाका अन्य धेरै नेता तथा कार्यकर्ताहरू पनि रहेका थिए । त्यहाँ उनीका बीचमा सैद्धान्तिक मतमतान्तरको स्थिति थिएन । त्यति हुँदाहुँदै पनि दुवै दलका नेताहरूको जेलमा खानाखाने भिन्दाभिन्दै भान्साहरू थिए । राजनीतिक आस्थाका आधारमा जेलमा राखिएका मनमोहन अधिकारीलगायतका कैदीहरूलाई 'क' श्रेणीमा राखेको थियो । उनीहरूलाई सिधाको रूपमा प्रतिदिन एक मोहर पैसा र डेढ माना सेता चामल दिने गरिन्थ्यो । त्यसरी पाउने डेढ माना चामल पुरै खान नसक्ने हुनाले केही बँचेको बिक्रीगरेर अन्य खर्च पनि चलाउने गर्दथे । त्यति हुँदा पनि उनीहरूको दैनिक गुजारा चलाउन निकै मुस्किल पर्दथ्यो (अधिकारी, वि.सं.२०५७ असोज ४, पृ. २) । राजबन्दीको हिसावले कांग्रेस र कम्युनिस्टमा भिन्नता नभए तापनि खानपान र रहनसहनको सवालमा उनीहरूमा एकरूपता थिएन । कांग्रेस पार्टीका नेताहरूको रहनसहन र खानपान अन्यहरूको तुलनामा केही उच्चकोटीको थियो भने त्यसको तुलनामा कम्युनिस्ट पार्टीका नेताहरूको जीवनशैली सादा र सरल थियो ।

मनमोहन अधिकारीको जेल जीवन आफैमा कष्टकर थियो । भनाइको अर्थ उनी दिर्घकालीन रूपमा रोगी थिए । त्यसमाथि खानपान सन्तुलित नभएका कारण उनको स्वास्थ्य

क्रमशः बिग्रँदै गएको थियो । जेलमा रहेका कोही विरामी परे पनि उपचारको उचित व्यवस्था थिएन । जेलमा रहेका कतिपय नेताहरूलाई उनीहरूको घरबाट खर्च पठाउने गरेका भए तापनि मनमोहन अधिकारीको हकमा खासै सहयोग आउने गरेको थिएन । उनले प्रशासनबाट जे जति सिधा पाउँथे त्यसैबाट गुजरा चलाउँदै आएका थिए । उनको त्यो अवस्था देखेर सँगै जेलमा रहेका अन्य नेताहरूले घर परिवारबाट सहयोग माग्न र नेकाका नेताहरूले सञ्चालन गरेको मेसमा मिसिन सल्लाह दिए । त्यतिबेलाको जेल जीवनका बारेमा मनमोहन अधिकारी (वि.सं.२०५७ असोज ४) यसरी प्रस्तुत गर्दछन् :

> नख्खु जेलमा कांग्रेस र कम्युनिस्टहरूको मेसमा खाना खाएँ । खानपिनको दृष्टिले कम्युनिस्टहरूको मेस कांग्रेसको जस्तो राम्रो थिएन । सबैको आर्थिक अवस्था खराव थियो । बाहिरबाट पनि त्यति सहयोग आउदैनथ्यो । त्यसैले मेसमा राम्रो खानपानको व्यवस्था थिएन । मेरो स्वास्थ्य दिन प्रतिदिन विग्रँदै गइरहेको थियो । म साथीहरूको आग्रहमा कांग्रेसका साथीहरूले चलाएको मेसमा मिसिएँ । नख्खु जेलमा छँदा हामी कम्युनिस्टहरूले वैचारिक कलास चलाउने भेटघाट गर्ने र हप्तामा एक दिन छलफल गर्ने पनि गर्दथ्यौं । (पृ. २)

उपर्युक्त भनाइका आधारमा जेलमा नेताहरूले खाएको खानाले उनीहरूको वर्ग छुटिन्थ्यो भन्ने स्पष्ट हुन्छ । राजनीतिक रुपमा भने जेलमा फरकफरक विचार भएका नेताहरूबीच बैचारिक छलफल चल्नु सकारात्मक पक्ष नै भएको देखिन्छ ।

नख्खु जेलमा रहेकै समयमा मनमोहन अधिकारीका पिता रामचन्द्र अधिकारीको मृत्यु भयो । रामचन्द्र अधिकारी बिरामी परी अन्तिम अवस्थामा पुग्दा एक पटक पिताजीको मुख देख्ने उनको ठूलो इच्छा भए तापनि त्यो पुरा हुन सकेन । पिताजीको निधन भएको खवर पाएपछि दाजुभाइ सँगै बसेर हिन्दू परम्पराअनुसार काजक्रिया गर्न पनि पाएनन् । त्यतिबेला प्रशासनले नेताहरूका लागि फरकफरक व्यवहार गऱ्यो । वी.पी.कोइराला जेलमा रहेका बेला उनका पिताको निधन हुँदा प्रशासनले उनलाई तत्कालै जेल मुक्त गऱ्यो (कोइराला, वि.सं.२०५६ असोज, पृ. ४) तर मनमोहन अधिकारीलाई त्यस खालको सुविधा दिइएन । बरु उनलाई नख्खु जेलमा राखिरहँदा अन्य कैदीहरूमा पनि कम्युनिस्ट विचारधाराको प्रभाव बढ्दै जाने तथा कागज गरेर निस्कन सक्नेहरू पनि विस्तारै आफ्नै अडानमा दृढ रहने देखेपछि भद्रगोल जेलमा साऱ्यो (अधिकारी, वि.सं.२०५४ चैत्र १९) ।

मनमोहन अधिकारीलाई भद्रगोल जेलमा ल्याउनुभन्दा अगाडिदेखि नै कमलराज रेग्मी र निर्मल लामालाई त्यही राखियो । केही समयको अन्तरालपछि शंभुराम श्रेष्ठलाई पनि त्यही लगियो । त्यसले गर्दा त्यहाँ धेरै कम्युनिस्ट नेताहरू जम्मा हुन पुगे । जेलमा रहेका कम्युनिस्ट नेताहरू मिलेर खानाको मेस चलाएका थिए । तत्कालमा त्यो मेसमा १७ जनाले खाना खाने गरेका थिए । हुनत कैदीहरूलाई बेलाबखत जेल सार्ने हुँदा त्यो सङ्ख्या कहिले थपिने र कहिले घट्ने पनि

हुने गर्दथ्यो । हप्ताको १ दिन परिवारका सदस्यहरूसँग भेट्न पाउने व्यवस्था थियो । परिवारबाट कोही भेट्न आएमा जेल बाहिर रहेको हलमा ल्याएर भेटाउने गरिन्थ्यो । भेटघाट समूहमा नै हुने गर्दथ्यो (रेग्मी, वि.सं.२०७० बैशाख २४) जेलमा रहँदा मनमोहन अधिकारीमा एउटा विचित्रको अडान रहेको थियो । उनले जेल प्रशासनबाट हुने कुनै पनि किसिमको दवाव सहदैनथे । जेलमा थुनि राखेकै अवस्थामा नेकपाका नेता कमलराज रेग्मी असाध्यै विरामी भई मृत्यु हुने अवस्थामा पुग्दासमेत प्रशासनले भद्रगोल जेलको मुर्दा कोठामा उनलाई एक्लै राखेको थियो । मनमोहन अधिकारी, शंभुराम श्रेष्ठलगायतका नेताहरूले जेल प्रशासन समक्ष सशक्त रूपमा विरोध गर्दै उनलाई अर्को कोठामा सार्न बाध्य पारे (भट्टराई, वि.सं.२०६९, पृ. १४) ।

नेपाली कांग्रेसले वि.सं.२०१७ सालको शाही कदमको विरोध गर्दै आएको थियो । उसले भारतस्थित विहारको पटनामा वि.सं.२०१७ माघ १२-१४ सम्म विशेष सम्मेलन गरी संसद पुनस्थापित गर्नु पर्ने, वन्दी नेता कार्यकर्तालाई रिहाई गर्नु पर्ने भन्ने प्रस्ताव पारित गर्‍यो (बराल, सन् १९७७, पृ. ६८) । नेकपा पनि शाही कदमका विरुद्ध आन्दोलनमा थियो । त्यस्तैमा वि.सं.२०२१ सालमा तत्कालीन प्रधानमन्त्री तुलसी गिरीले नेपाल राजतन्त्रात्मक देश हो । यसलाई कम्युनिस्ट खतराबाट जोगाउनु पर्छ । त्यसका लागि प्रजातन्त्रमा विश्वास गर्नेहरू बीच एकता हुनुपर्छ भन्ने आसयको वक्तव्य दिए (पोखरेल, मिति अनु., पृ. ३१) । उक्त वक्तव्यले नेपाली राजनीतिमा नयाँ हलचल ल्याइदियो । सो वक्तव्यपछि देशमा बढ्दै गएको कम्युनिस्ट प्रभावलाई रोक्ने उद्देश्यले वि.सं.२०२५ साल जेष्ठ २ गते सुर्वणशमशेरले कलकत्तामा 'नेकाको तर्फबाट संविधानमा प्रजातान्त्रिक विकासको आशा राख्दै श्री ५ प्रति पूर्ण वफादरिताका साथ सहयोग दिने' भन्ने आसयको वक्तव्य दिए (देवकोटा, वि.सं.२०३९, पृ. ९९) । सोही वक्तव्यलाई सर्मथन गर्दै वी.पी.कोइराला र गणेशमान सिंहलाई जेल मुक्त भए । नेकपाले शाही कदम चालेको केही समयपछि नै गिरफ्तार भएका व्यक्तिहरूको तुरुन्त रिहाई हुनुपर्ने, राजनीतिक क्रियाकलापमा लागेको प्रतिबन्ध हट्नु पर्ने, जनताका मौलिक अधिकारको संरक्षण गर्नु पर्ने जस्ता माग राख्दै शाही कदमको विरोधमा वक्तव्य निकालेको थियो (नेपाल प्रेस डाइजेष्ट, वि.सं.२०१८ माघ १४, पृ. ३) । त्यस कारण नेताद्वय वी.पी.कोइराला र गणेशमान सिंहसँगै जेल परेका मनमोहन अधिकारीलाई प्रशासनले छाडेन ।

## ६.३ जेलबाट रिहाई

राजाको शाही कदम पछाडि सुरक्षा कानुनअर्न्तगत कैद परेका बन्दीहरूलाई छोड्ने र पुनःनयाँ बन्दीका रूपमा जेलमा पठाउने कार्य बारम्बार भइरहन्थ्यो । मनमोहन अधिकारीलाई पनि त्यही प्रकारले काठमाडौं डि.एस.पी.कार्यालयमा राखिएको थियो । त्यहाँ मोहन विक्रम सिंहलाई पनि सँगै राखिएको थियो । त्यसबेला उनीहरूका बीचमा देशको राजनीतिक परिस्थिति र कम्युनिस्ट आन्दोलनका बारेमा सामान्य कुराकानी भएको थियो । त्यस लगतै मोहन विक्रम

सिंहलाई सेन्ट्रल जेल, मनमोहन अधिकारी र शंभुराम श्रेष्ठलगायतका अन्य नेताहरूलाई भद्रगोल जेलमा पठायो । मनमोहन अधिकारीले त्यतिबेला नै सामान्य वक्तव्य दिएर जेलबाट छुट्ने कुरा गर्दा मोहन बिक्रम सिंह सहमत भएनन् । त्यसपछि पनि पटकपटक उनलाई भेट्न खोजे तर भेट्न पाएनन् । पत्र लेखेर पठाए तर पत्रको उत्तर पनि पाउन सकेनन् । त्यसपछि के गर्ने भन्ने निर्णय मनमोहन अधिकारी र शंभुराम श्रेष्ठलगायत जेलमा रहेका कम्युनिस्ट नेताहरूसँग मिलेर गर्नुपर्ने भयो । जेलभित्र बसेरभन्दा जेलबाहिर निस्कदा नै पार्टी काममा सहयोग पुऱ्याउन सकिन्छ भन्नेमा मनमोहन अधिकारी र शंभुराम श्रेष्ठ सहमतिमा पुगे । त्यसपछि उनीहरूले 'पञ्चायती व्यवस्था जीवित सत्य हो' (सिंह, वि.सं.२०६६, पृ. ४६) भन्ने प्रकारको वक्तव्य दिएर जेल मुक्त भए ।

लामो समय जेलमा रहेका नेताले वक्तव्य दिएर जेलबाट छुटेपछि उक्त वक्तव्य राजनीतिक वृत्तमा निकै चर्चाको विषय बन्यो । राजनीतिक आस्थाका लागि लडेका व्यक्तिले जेलबाट छुट्नकै लागि वक्तव्य दिनुलाई मनमोहन अधिकारी स्वयम्ले (वि.सं.२०५७ कार्तिक २) यसरी उल्लेख गरेको पाइन्छ :

> जेलमा वसिरहनुभन्दा हामी बाहिर निस्केपछि पो केही न केही वातावरण बनाउन सकौंला । हामी दुवै जना पुष्पलाल र तुलसीलाल वीचको झगडामा परेर मुछिएका थिएनौं । दुवैसँग हाम्रो सम्बन्ध खराव थिएन । माझी राजाको पक्षमा गएपछि कुरा सकिहालेको थियो । त्यस अवस्थामा जेलबाट छुट्दा बाहिर बाँकी रहेका साथीहरूलाई समेटेर केही गर्न सकिन्छ भन्ने समझदारी बनायौं । अनि 'पञ्चायत व्यवस्था आजको जीवित सत्य हो' भन्ने एक लाइनमा सहमति जनाउन पुग्यौं । कुरा चलाउने क्रममा पञ्चायती शासकहरूले त बढी झुकाउन चाहन्थे । तर मैले भने म योभन्दा बढी केही गर्दिन भनेको थिए । (पृ. २)

उपर्युक्त भनाइबाट नेताद्बयले जेलबाट छुट्नका लागि देखावटि रूपमा वक्तव्य दिएको देखिन्छ । तर त्यो वक्तव्यमा जुन किसिमको भाषा प्रयोग गरिएको थियो त्यो पूर्णरुपले कम्युनिस्ट पार्टीको नीति र सिद्धान्त विपरित थियो भनेर पछिसम्म पनि आलोचना भइरह्यो । त्यसबेला उनीहरूका अगाडि कि त जेलमा अनन्त कालसम्म बसिरहने कि त वक्तव्य दिएर जेल मुक्त हुने दुईवटा विकल्प रहेका थिए । त्यसमध्ये उनीहरूले तत्काल जेलबाट बाहिर आउन वक्तव्य दिने बाटो रोजेको देखिन्छ । वक्तव्य दिएर जेल मुक्त हुन तयार नभए तापनि तत्कालीन परिस्थितिका बारेमा मोहन विक्रम सिंहले (मिति अनु.) यसरी उल्लेख गरेको पाइन्छ :

> पार्टीको अवस्था र जेल बाहिर रहेका पार्टी नेताहरूले जेलभित्र रहेका नेताहरूसित साधारण किसिमको सम्पर्क राख्नसम्म देखाएको उदासिनताका कारणले जेलभित्र अडान लिएर बस्नु झन् झन् व्यक्तिगत कुरा जस्तै बन्दै गएको थियो । त्यसले गर्दा जेलमा रहेका पार्टी नेताहरूका लागि बाहिरबाट कुनै प्रकारको उत्साह सान्त्वना र प्रेरणाको स्रोत बाँकी रहे जस्तो देखिदैनथ्यो । जेलमा रहेका नेताहरू एक प्रकारले विनातेलको वत्ति झै जलिरहनु परेको अवस्था थियो । जेलभित्रका नेताहरूलाई आवश्यक निर्देशन दिने कुनै मान्य पार्टी वा कमिटी थिएन । त्यसैले के गर्दा पार्टी अनुशासन रक्षा हुने हो के गर्दा भङ्ग नहुने हो त्यो छुट्याउन कुनै सङ्गठनात्मक मापदण्ड नै थिएन । त्यो अवस्थामा प्रत्येकले व्यक्तिगत रूपले नै निर्णय गर्नु पर्ने अवस्था थियो । (पृ. ६९-७०)

उपर्युक्त भनाइलाई हेर्दा त्यतीबेला जेलमा रहेका नेताहरू जेलमा रहिरहने वा कुनै प्रकारको शर्तलाई स्वीकार गरेर बाहिर आउने भन्ने कहीँकतैबाट कुनै सुझाव र निर्देशन आउने अवस्था थिएन । पार्टीमा विवाद बढ्दै गएर विभाजनको स्थितिमा पुगेपछि जेलमा रहेका नेताहरूलाई छुटाउन दवाव सिर्जना गर्ने, उनीहरूका बारेमा बोल्ने, उनीहरूसँग पार्टीको नीति निर्माणमा सुझाव लिनेजस्ता कुराहरू हराउँदै जान थालेका थिए । शाही कदमका विरुद्ध आक्रामक हुनुको सट्टा रक्षात्मक अवस्थामा रहनु परेका कारण तत्काल सङ्घर्षका कार्यक्रम आउने वातावरण थिएन । जेलमा रहेका नेताहरूले व्यक्तिगत किसिमले नै निर्णय गर्नु बाध्यात्मक अवस्था बन्दै गयो ।

मनमोहन अधिकारी कैदमुक्त भएको समयतिर राजनीतिक दलहरूले चलाएको आन्दोलन पनि विस्तारै मथ्थर हुँदै थियो । राजाले दलका नेताहरूलाई पञ्चायतको सर्मथन गरेको कागज गराउँदै छाड्ने नीति लिएका थिए । जेलमा बस्नु भनेको निश्चय पनि पार्टी नीति र सिद्धान्तमा प्रतिवद्ध रहनु थियो । तर कतिपय अवस्थामा आफ्नो विचार पार्टीको नीतिमा प्रतिबद्ध रहँदारहँदै पनि तत्कालीन परिस्थितिलाई उपयोग गर्ने कुरालाई केही समयका लागि विर्सनु पर्ने बाध्यता आइपरेको कुरा वी.पी.कोइराला र गणेशमान सिंह जेल छुटेबाट पनि प्रस्ट हुन्छ । उनीहरू जेलबाट जसरी छुटेका भए तापनि बाहिर निस्केपछि पुनः आफ्नै अडानमा कायम रहे । जेलबाट छुट्न दिएको वक्तव्यलाई जसरी पनि व्याख्या गर्न सकिएला तर व्यवहारमा जे देखियो त्यसका आधारमा मूल्याङ्कन गर्ने हो भने मनमोहन अधिकारीले पञ्चायत विरोधी विचारमा दृढ रहेका थिए ।

## ६.४ पार्टीका गतिविधिमा मनमोहन अधिकारी

वि.सं.२०१७ सालको शाही कदमसँगै मनमोहन अधिकारी कैद परे । पार्टीका महासचिव तथा पोलिटव्युरो सदस्य केशरजंग रायमाझी र कमर शाह देश बाहिर थिए । पोलिटव्युरो सदस्यहरूमध्ये पुष्पलाल, तुलसीलाल अमात्य र डी.पी.अधिकारीमात्र त्यतिबेला काठमाडौंमा थिए । नेकपाको पाँच सदस्यीय पोलिटब्युरोमध्ये तिन जनाको बैठकले शाही कदमको विरोध गर्ने र जनअधिकारको निम्ति सङ्घर्ष गर्ने निर्णय गऱ्यो । केशरजंग रायमाझी भने मस्कोबाट फर्केर काठमाडौं पनि नआई भारतको दरभङ्गामा बसेर पोलिटव्युरोको निर्णय विपरित राजाको कदमलाई सर्मथन गर्न पुगे (रावल, वि.सं.२०४७, पृ. ५२) । हुनत संसदीय व्यवस्था भएकै बेलामा पनि उनले राजा महेन्द्रलाई (इण्डोनेसियाका राष्ट्रपति जसको निर्देशनमा प्रजातन्त्रको विकास भएको मानिन्थ्यो) सुकार्नोसँग तुलना गरी निर्देशित प्रजातन्त्रको आवश्यकताबारे प्रचार सुरू गरेका थिए ।

### ६.४.१ दरभङ्गा प्लेनम

राजाको शाही कदमलाई समर्थन गरेका नेताहरू बाहेक सबैजसो गिरफ्तारिमा परेका थिए भने जेलबाहिर रहेका पनि कोही निर्वासित र कोही भूमिगत थिए । शाही कदम चालिएको २१ दिनपछि मुलुकमा दलीय आधारमा गठित सबै राजनैतिक पार्टी र तिनका गतिविधिमाथि प्रतिबन्ध लाग्यो । त्यही अवस्थामा कम्युनिस्ट पार्टीको बिस्तारित बैठक विहारको दरभङ्गामा बस्यो । उक्त बैठक नयाँ परिस्थितिमा पार्टीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा गम्भीर विवाद देखा पर्‍यो । फल त्यस सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न पोलिटव्युरोले दरभङ्गामा नै केन्द्रीय प्लेनमको (पार्टीको केन्द्रीय बिस्तारित बैठक) आयोजना गर्‍यो ।

मनमोहन अधिकारीले जेलबाट दरभङ्गा प्लेनममा सहभागिहरूलाई रायमाझीले धोका दिएर गए अब पार्टीलाई जोगाउने र बचाउने काम तपाइहरूको हो । अहिलेको केन्द्रीय कमिटी पनि सायद माझीको पक्षमा लाग्न सक्छ । यो सङ्कटको घडीमा पार्टीलाई बचाउनु पर्छ । त्यसर्थ यो स्थितिमा के गरेर अघि बढ्ने हो सुविचारी निर्णय गर्नुहोस् (अधिकारी, वि.सं.२०५७ फागुन १०, पृ. २) भन्ने आसयकासाथ पत्र लेखेका थिए । त्यसरी पार्टीको प्लेनमलाई (खासगरी पुष्पलाल र तुलसीलाललाई) सम्बोधन गर्दा मनमोहन अधिकारीले रायमाझी पक्षबाट पार्टीलाई जोगाउन आश्यक छ भन्दै तत्कालीन परिस्थितिका बारेमा सचेत गराएका थिए ।

वि.सं.२०१७ साल फागुन-चैत्र महिनामा करिव एक महिनाजति पार्टी प्लेनमको बैठक बस्यो । बैठकमा भाग लिएका प्रतिनिधि तथा केन्द्रीय सदस्यहरूमध्ये पुष्पलालले विघटित संसद्को पुनर्स्थापना गर्नुपर्ने, केशरजंग रायमाझीले संसदीय व्यवस्थाको पुनर्स्थापना हुनुपर्ने र मोहन विक्रम सिंहले विधानसभाको चुनाव हुनु पर्ने भनी फरकफरक मतहरू प्रस्तुत भए (के.सी., वि.सं.२०६५, पृ. १४५) । बैठकमा पार्टी महासचिवको व्यवहारप्रति कडा रूपमा आलोचना भएपछि समितिको तर्फबाट निजमाथि अविश्वास व्यक्त गरी महासचिवले गर्ने कामको दायित्व तिन जनाको समितिलाई जिम्मा दिइयो । उक्त समितिलाई 'सचिवालय' भनियो । त्यसमा केशरजंग रायमाझी, डी.पी. अधिकारी र शंभुराम श्रेष्ठ रहेका थिए (बर्मा, वि.सं.२०७० असार ११) । एक महिनासम्म चलेको उक्त बैठकले राजाको कदमका विरुद्ध ठोस रूपमा कुनै निर्णाय गर्न भने सकेन ।

नेपाली कांग्रेसले शाही कदम अगावै भारत पुगेका सुवर्णशमशेरको सभापतित्वमा पटनामा एउटा सम्मेलनको आयोजना गरी देशव्यापी रूपमा प्रतिरोध आन्दोलन प्रारम्भ गर्ने निर्णय गर्‍यो । त्यसैअनुरूप नेकाले वि.सं.२०१८–१९ सालमा अधिराज्यका विभिन्न ठाउँमा सशक्त प्रतिरोध आन्दोलन सञ्चालन भयो (गौतम, वि.सं.२०५५, पृ. १८०) । तर नेकपाले शाही कदमका विरुद्ध

कसरी जाने भनी निर्णय गर्न नसक्दा पार्टी नै अघोषित रूपमा विभाजित हुन पुग्यो । जुन घटनाक्रमले मनमोहन अधिकारीलगायत जेलमा रहेका नेताहरूलाई निरास बनायो ।

दरभङ्गा बैठक शङ्कैशङ्का र अविश्वासका साथ सम्पन्न भयो । जसरी रायमाझीलाई हेरिएको थियो त्यसै गरी बैठकमा उठेको आलोचनाका आधारमा उनले दरवारसँगको सम्बन्धलाई पनि टुटाउन सकेनन् । त्यसैले बैठक समाप्त हुनासाथ उनी राजाको गुप्तचर दामोदर शमशेरकासाथ काठमाडौं आए । काठमाडौ आउनासाथ उनलाई पक्राउ गरेर मनमोहन अधिकारीसहितका नेताहरूलाई राखिएको श्रीमहल पुल्चोकमा लगेर थुनियो । पक्राउ गरेपछि उनकै इच्छानुरुप त्यहाँ लगिएको थियो । उनी पुग्दा सबैले 'तँ पनि आइस्' भनेर हाँसेर 'ल आइजा बसौं' भने भनी रायमाझी स्वयम्ले उल्लेख गरेका छन् (वि.सं.२०६८, पृ. ६८) । वास्तवमा उनका ती क्रियाकलाप सबै नाटकीय ढङ्गले प्रस्तुत भएका थिए ।

दरभङ्गामा भएको प्लेनमले केन्द्रीय समितिका कुनै पनि सदस्य कागज गरेर नछुट्ने निर्णय गरेको थियो । त्यतिबेलासम्म सरकारले गिरफ्तार गरेका कुनै पनि नेताहरूलाई सजिलैसँग रिहा गरेको थिएन । तर केशरजंग रायमाझीलाई भने छिट्टै रिहाई गरिदियो । जेलमा रहेकै बेला मनमोहन अधिकारीले भारतीय कम्युनिस्ट पार्टीका नेताहरूलाई 'नेपालको कम्युनिस्ट पार्टीलाई रायमाझीहरूले राजा र पञ्चायतका सामु घुँडा टेकाए' भन्ने खबर पठाएका थिए । त्यसको जवाफमा भाकपाका नेताहरूले नेकपालाई बचाउन पार्टीभित्रका इमान्दार नेताहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने त्यसका लागि जुनसुकै उपाय गरेर भए पनि मनमोहन अधिकारीलाई जेलबाट छुटाउनु पर्ने धरणा राखेका थिए (अधिकारी, वि.सं.२०६४, पृ. ६९) । गिरफ्तार हुनबाट बचेका कम्युनिस्ट पार्टीका नेताहरूले मोहन विक्रम सिंहलाई मनमोहन अधिकारीसँग सम्पर्क गर्न र केशरजंग रायमाझी कसरी छुटेका हुन् ? त्यो कुरा पत्ता लगाउने जिम्मा दिएका थिए ।

मोहन विक्रम सिंहले मनमोहन अधिकारीसँग सम्पर्क गरेपछि उनको रिहाई रहस्यमय भएको कुरा पत्ता लाग्यो । त्यसपछिमात्र केशरजंग रायमाझीको नेतृत्वमा रहेको केन्द्रीय कमिटीका विरुद्ध विद्रोह गर्ने र तेस्रो महाधिवेशन गर्ने योजना बनाउन थाल्यो (सिंह, वि.सं.२०६६, पृ.४६) । केशरजंग रायमाझिको व्यवहारको जति नै आलोचना गरिए तापनि उनले दरवारसँगको सम्बन्धलाई निरन्तरता दिइरहेका थिए । उनको त्यो व्यवहारले दरभङ्गाको बिस्तारित बैठकले गरेका निर्णय कार्यान्यन हुन सकेन् (स्याङ्बो, वि.सं.२०७० जेठ २) । पार्टी महाधिवेशनको आयोजना गर्नु पर्नेमा सचिवालय त्यसतर्फ क्रियाशील हुन सकेन । त्यतिबेला पार्टीमा कमसे कम एक तिहाई सदस्यद्वारा तलबाट महाधिवेशनको माग भइआएमा महाधिवेशनको आयोजाना गर्न सकिने प्रावधान रहेको थियो । सोहीअनुसार पाँचवटा जोनका प्रतिनिधिहरूले महाधिवेशनको माग

गरेको हुँदा वि.सं.२०१९ को बैशाख ४ देखि १५ सम्म बनारसमा नेकपाको एउटा पक्षले पार्टीको तृतीय महाधिवेशनको आयोजना गऱ्यो (अमात्य, मिति अनु., पृ. २०–२१) ।

नेकपाभित्र त्यस्तो किसिमको उतारचढावको अवस्था भइरहेका बेला मनमोहन अधिकारी जेलमा नै थिए । पार्टीमा आएको फुट र विभाजनलाई प्रत्यक्ष रूपमा सहभागी भएर सल्लाह दिन र निर्णायक भूमिका खेल्न उनले पाइरहेका थिएनन् । तथापि जेलमा सँगै रहेका शंभुराम श्रेष्ठ, तुलसीलाल अमात्यलगायतका नेताहरूका बीचमा पार्टीका बारेमा छलफल भइ रहन्थ्यो । तर त्यतिबेला छलफलबाट निस्केका सुझाव दिन पनि सजिलै सकिने अवस्था थिएन । त्यसरी पार्टीमा भएको विभाजनबाट चिन्तित हुँदै मनमोहन अधिकारी र शंभुराम श्रेष्ठले जेलबाहिर रहेका पुष्पलाललाई चिठी लेखेर पार्टी विभाजन हुन नहुने, नेता तथा कार्यकर्ता सबै एकजुट हुनुपर्ने सुझाव दिएका थिए । जुन विषयमा निर्मल लामाले प्रस्तुत गरेको धारणालाई ऋतुवर्ण पराजुलीले (वि.सं.२०५८) यसरी प्रस्तुत गरेको पाइन्छ :

> जेलभित्र मनमोहन अधिकारी, शंभुराम श्रेष्ठ र म गरी तिनजनासँगै बसिरहेका थियौं । हामी तिनजना बीच छलफल हुँदा बनारसमा पुष्पलाललाई भेटेर पार्टी एकता गर्ने केही सुझावहरू दिने र त्यस सम्बन्धमा मनमोहन अधिकारी र शंभुराम श्रेष्ठको चिठी लगिदिने काम मैले गर्नु पर्ने भयो । त्यसका लागि मैले कागज गरेर जेलबाट छुटे । (पृ. ९१)

उक्त कुरालाई शंभुराम श्रेष्ठले (वि.सं.२०६३) पनि स्वीकार गर्दै जेलमा छँदादेखि नै मनमोहन अधिकारी र आफूले कैयौं पटक पुष्पलाल र तुलसीलाल अमात्यलाई संयुक्तपत्र लेखेर पार्टीमा देखिएका मतभेदलाई मिलाउने प्रयास गरेको भनी उल्लेख गरेका छन् (पृ. १७४) । तर जेल बाहिर रहेकाहरूले जेलभित्र रहेका नेताले पठाएका सुझावको कुनै महत्व लिएनन । बरु उनीहरूका बीचको विवाद दिनप्रतिदिन उत्कर्षतर्फ गइरह्यो ।

### ६.४.२ नेपाल कम्युनिस्ट पार्टीको तृतीय महाधिवेशन

नेकपाको दरभङ्गा बैठकले ९ महिनाभित्रमा महाधिवेशन गराई पार्टीमा देखिएका विवादको निराकरण गर्ने भनी निर्णय भएको थियो । तापनि महाधिवेशन हुन नसकि रहेको अवस्थामा अन्तरक्षेत्रीय समन्वय समितिको प्रयासमा तेस्रो महाधिवेशन सम्पन्न भयो । मनमोहन अधिकारीले महाधिवेशनलाई 'फौजी तानाशाहीको विरोधमा कम्युनिस्टहरूले उच्च मनोवलका साथ खडा हुनुपर्दछ' भन्ने शुभकामना सन्देश पठाएका थिए (अधिकारी, वि.सं.२०६९ पुस १९) । महाधिवेशनले केशरजंग रायमाझीसहितका केही व्यक्तिहरूलाई पार्टीबाट निश्कासित गर्दै केन्द्रीय नेतृत्वको नयाँ निर्वाचन गऱ्यो । तिनतहमा विभाजित केन्द्रीय नेतृत्वमा पहिलो एकाउन्न सदस्यीय राष्ट्रिय परिषद्, दोस्रो सत्र सदस्यीय केन्द्रीय समिति र तेस्रो सात सदस्यीय राजनीतिक समिति थियो । सात सदस्यीय राजनीतिक समिति पोलिटव्युरो सरहको थियो । उक्त समितिमा पुष्पलाल,

मनमोहन अधिकारी, तुलसीलाल अमात्यलगायतका नेताहरू रहेका थिए (के.सी., वि.सं.२०६४, पृ. १७८) । रायमाझी पक्षले वि.सं.२०२४ सालमा तृतीय महाधिवेशन सम्पन्न गरी २१ सदस्यीय केन्द्रीय समिति सहित केशरजंग रायमाझीलाई पार्टी महासचिवमा चयन गऱ्यो । त्यस पक्षले पनि जेलमा रहेका मनमोहन अधिकारी र शंभुराम श्रेष्ठलाई केन्दीय समितिमा राख्यो (के.सी., वि.सं.२०६०, पृ. १३९) । उनीहरूलाई पार्टीमा समेट्ने प्रयास गर्नु रायमाझीको राजनीतिक चतुऱ्याई मात्र थियो (शिवाकोटी, वि.सं.२०७० श्रावण २४) । मनमोहन अधिकारीले रायमाझीले नेतृत्व गरेको पार्टीको केन्दीय कमिटीमा आफूलाई पनि राखेको कुरालाई अनौठो मानेका थिए । उनी रायमाझीका कृयाकलापबाट सुरुदेखि नै सन्तुष्ट थिएनन् ।

केशरजंग रायमाझी राजावादी भए भनेर उनलाई छाडेर महाधिवेशन गरेका नेताहरू तत्कालीन अवस्थामा शाही कदमका विरुद्ध एक भएर अगाडि बढ्नु पर्नेमा नवनिर्वाचित नेतृत्व पनि झगडामै अल्झियो । एकले अर्कालाई संशोधनवादी भएको दोष लगाउन थाले । त्यतिबेला तुलसीलाल अमात्य र पुष्पलालले पनि अलगअलग पार्टी सञ्चालन गर्न थालेपछि पुष्पलालले नौलो जनवादी र तुलसीलालले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई अङ्गालेर हिड्न थाले । हुनत महाधिवेशन गर्दा नीतिगत रूपमा त्यति ठूलो विवाद रहेको थिएन । महाधिवेशनबाट पारित नीतिअनुसार नै पार्टी अगाडि बढ्नेमा मनमोहन अधिकारी विश्वस्त रहेका थिए । उनी पुष्पलाल र तुलसीलाल दुवैमाथि आशावादी थिए । तर जुनजुन नेताहरूबाट आशा गरेका थिए तीनै नेताहरू बिभाजित भएपछि उनले प्रत्यक्ष रूपमा कुनै नेताको पनि समर्थन गरेनन् ।

## ६.५ जेल रिहाइ पछिको राजनीतिक गतिविधि (वि.सं.२०२५–२०२७)

वि.सं.२०२५ साल फागुण ४ गते मनमोहन अधिकारी जेलबाट मुक्त भए । त्यसलगतै पाएको दर्शनभेटका क्रममा राजाले पञ्चायती व्यवस्थामा बसेर काम गर्न आग्रह गरेका थिए । तर उनले भर्खर जेलबाट छुटेको, देशको वस्तुस्थितिका बारेमा आफू अनविज्ञ भएको हुनाले तत्काल राजनीतिमा सक्रिय हुनुभन्दा पनि परिवारसँग भेटघाट गर्ने मनस्थितिमा रहेको जानकारी दिएका थिए । हुन पनि त्यसको केही दिनपछि विराटनगर गएका थिए (पराजुली, वि.सं.२०६९ फागुन ४) । त्यसपछि करिव डेढ दुई वर्षजति घरव्यवहार मिलाउने र परिस्थितिको अध्ययनमा तल्लिन थिए । लामो समयसम्म जेलमा रहेका कारण शारीरिक हिसावले पनि कमजोर थिए । जेल जीवनबाट खुल्ला परिवेशमा आउँदा उनलाई एक किसिमले अन्यौलको अवस्था सृजना भएको थियो । अर्कोतर्फ जेलमा रहेकै अवस्थामा पारिवारिक स्थितिमा पनि निकै हेरफेर आइसकेको थियो । पिताजीको निधन भइसकेकोले घरमूलीकै अभावका कारण उनको परिवार छुट्टीभिन्न हुने अवस्थामा पुगेको थियो । हुन पनि उनी जेलबाट छुटेको केही समयपछि नै त्यो परिवार छुट्टभिन्न

भयो । उनले पैतृकसम्पत्तिका रूपमा पाएको नर्वासा भन्ने ठाउँको जग्गा बिक्री गरेर विराटनगर बजारमा ६ कठ्ठा जग्गा किनेर घर बनाएर बस्न थाले (अधिकारी, वि.सं.२०६९ पुस ११) ।

मनमोहन अधिकारीले वक्तव्य दिएर जेलमुक्त भए पनि उनी पञ्चायतमा प्रवेश गरेनन् । उनले जेलमुक्त हुँदा दिएको वक्तव्य र केशरजंग रायमाझीको व्यवहारलाई केही राजनीतिकर्मीले समान किसिमले व्याख्या गर्ने गरेको भए तापनि प्रमाणहरूले त्यसलाई पुष्टि गर्दैन । मनमोहन अधिकारी, केशरजंग रायमाझीसँग सहमत हुन नसकेकै कारण नौ वर्ष जेल बस्नु परेको कुरालाई पुष्पलालले (मिति अनु.)(२) यसरी उल्लेख गरेको पाइन्छ :

> सबैलाई थाहा छ कि गद्दार माझीले अपनाएको राजनीति राजाको तावेदारी गर्ने नीति थियो । त्यस नीतिको विरुद्ध पुष्पलालमात्र होइन सम्पूर्ण पार्टी थियो । त्यसैले गर्दा गद्दार माझीले ६/६ वर्षसम्म पार्टी महाधिवेशन नगरेको हो । गद्दार माझीको त्यही राजनीतिका विरुद्ध देखिएका हुनाले मनमोहन, शंभुराम र मोहन विक्रम सिंह पनि राजाको जेलमा पर्न गएका हुन । (पृ. ७७)

उपर्युक्त भनाइबाट के प्रस्ट हुन्छ भने मनमोहन अधिकारी अन्जानमा जेल परेका थिएनन । जुन समयमा उनी जेल परेका थिए त्यतिबेला पार्टीले लिएको नीतिअनुसार नै थियो । एउटै पार्टीका नेता भए तापनि चीनबाट फर्केदेखि मनमोहन अधिकारी र केशरजंग रायमाझीका बीच नीतिगत निर्णय गर्ने सवलामा सँगै बसेर काम गर्ने समय मिलेको थिएनन् । तथापि त्यतिबेलासम्म रायमाझीको दरवार मोह बढेर गएको थियो । जुन कुरा संविधानको धारा ५५ को बारेमा कुरा गर्दा नै प्रष्ट भइसकेको छ ।

मनमोहन अधिकारीसँगै जेलमा रहेका कमलराज रेग्मी सिकिस्त विरामी परेका थिए । आफूहरू पार्टीको नीति र मान्यताका आधारमा जेलमा बसेको हुँदा विरामी अवस्थामा जीवन रक्षा गर्नु नै ठूलो कुरा भएको ठानेर मनमोहन अधिकारीले उनलाई जीवन रहेमात्र सङ्घर्ष एवम् राजनीतिक गर्न पाउने भएको हुँदा युवा अवस्थामै ज्यान फाल्न नहुने बारे सचेत गराएका थिए । बरु कुनै न कुनै उपाय निकालेर जेलबाट छुटेर गएर राम्रो उपचार गराउनु भनेर सल्लाह दिए । त्यसै गरी आफू जेलमा रहेका बेला जेलबाहिर रहेका पार्टीका नेता तथा कार्यकर्ताहरूलाई पञ्चायतको विरोध गर्न कम्तिमा पनि त्यसको तल्लो निकायमा घुसेर काम गर्नुपर्ने, आखाँ चिम्लेर पड्कीपड्की कुरा गर्नुभन्दा गाउँ, जिल्लास्तरमा बसेर कामको लागि आधार बनाउनु पर्ने, पार्टी जब योजनाबद्ध ढङ्गले अगाडि बढ्न थाल्छ त्यसपछिमात्र पञ्चायतबाट निस्केर काम गर्नुपर्छ भन्ने सल्लाह दिएर व्यवस्थाको घुमाउरो शैलीमा विरोध गर्ने नीतिगत कुरा सिकाए (रेग्मी, वि.सं.२०७० बैशाख २४) । मनमोहन अधिकारीले त्यतिबेला जुन खालको दृष्टिकोण प्रस्तुत गरेका थिए त्यो समयनुसार नै थियो । तत्कालीन समयमा आफुलाई बढी क्रान्तिकारी देखाउनेहरूले त्यसको

विरोध गरेका भए तापनि पछिल्ला दिनमा सोही नीतिअनुसार पञ्चायती चुनावलाई उपयोग गरेर सङ्गठन मजबुत बनाएकोबाट पनि प्रष्ट हुन्छ ।

मनमोहन अधिकारीले वक्तव्य दिएर जेलबाट छुटेपछि कम्युनिस्ट पार्टीका अन्य नेताहरूले भन्दा केही फरक खालको दृष्टिकोण बनाएको पाइन्छ । उनी केशरजंग रायमाझीले जसरी पञ्चायती व्यवस्थालाई सर्मथन एवम् राजालाई सहयोग गर्ने तरिका र पुष्पलाल, तुलसीलाल अमात्य लगायतका नेताहरूले जसरी देशबाहिर बसेर राजा र व्यवस्थाको विरोध गर्ने तरिका अपनाएका थिए ती दुबै प्रक्रियासँग असहमत थिए । उनले राजा र पञ्चायतप्रति नरम धारणा राखी देशभित्रै बस्ने र जनपक्षीय नीति लिएर जनतालाई व्यापक परिचालन गर्ने तरिका अवलम्वन गर्नु पर्ने दृष्टिकोण राखेको देखिन्छ । त्यही नीतिअनुरुप उनले बनारस जाँदा पुष्पलाललाई मात्र होइन वी.पी.कोइरालालाई पनि भेट्ने गरेका थिए (भुसाल, वि.सं.२०६९ बैशाख १३) । राजा र पञ्चायतप्रतिको नरम दृष्टिकोणले गर्दा उनीमाथि राजावादी भएको भन्ने आरोप पनि लाग्ने गऱ्यो । मनमोहन अधिकारी पञ्चायतमा प्रवेश गरेको भए त्यतिबेलै राम्रै पद पाउथे भन्ने कमलराज रेग्मीको भनाइ रहेको पाइन्छ (वि.सं.२०७० बैशाख २४) यी विभिन्न भनाइलाई विश्लेषण गर्दा मनमोहन अधिकारीलाई जसरी आरोप लगाइयो त्यसरी राजालाई सहयोग र पञ्चायतलाई सर्मथन गर्ने काम जीवनमा कहिल्यै पनि गरेको देखिदैन ।

### ६.५.१ पूर्वकोशी प्रान्तीय कमिटी र मनमोहन अधिकारी

नेपाल कम्युनिस्ट पार्टी विभाजित हुनुभन्दा अगाडि भौगोलिक स्थिति, यातायातको सुविधा र कामका आधारमा पार्टीको संङ्गठनात्मक ढाँचालाई निर्धारण गर्ने गरियो । जसअनुसार नेपाल अधिराज्यलाई सात प्रान्तमा विभाजन गरिएको थियो । त्यसमध्ये पूर्वकोशी (भोजपुर, इलाम, धनकुटा, मोरङ् र झापा) पनि एक थियो (के.सी., वि.सं.२०६५, पृ. ७०) । पूर्वकोशी प्रान्तीय कमिटीका सचिव भरतमोहन अधिकारी थिए । पार्टीको तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यलाई नेता बनाएपछि पार्टी निष्कृय बन्दै गयो । खासगरी राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमसँग सहमत नराख्ने पश्चिम गण्डक तथा पूर्वकोशी प्रान्तीय कमिटी छुट्टै पार्टी केन्द्रको रूपमा काम गर्न थाल्यो (पोखरेल, मिति अनु., पृ. ५६) । त्यतिबेला तिब्र बन्दै गएको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्रको बादविवादप्रति सही र सन्तुलित दृष्टिकोण बनाउन नसक्नुजस्ता कारणले पार्टीमा बढ्दै गएको विवादले नेकपाको केन्द्रीय कमिटीभित्र सङ्कट गहिरिँदै गयो । त्यस किसिमका सङ्कट समाधान गर्न केही प्रयास गरिएको भए तापनि प्रभावकारी हुन सकेनन् । जसको परिणाम स्वरूप वि.सं.२०२२ सालमा भएको केन्द्रीय कमिटीको सातौं बैठकपछि पार्टीको केन्द्रीय कमिटी स्वतः विघटित हुने स्थितिमा पुग्यो (नेकपा माले, वि.सं.२०४६, पृ. ४९–५०) ।

वि.सं.२०२५ सालमा तेस्रो सम्मेलन गरी भारतको गोरखपुरबाट पुष्पलालले पार्टीलाई पुनर्गठन गर्ने प्रयास गरे तापनि उनको त्यो प्रयासले कुनै सार्थक परिणाम दिन सकेन । पुष्पलाल र तुलसीलाल अमात्यले अलग-अलग पार्टी चलाउन थालेपछि पूर्वकोशीमा रहेका कार्यकर्ताहरूले आफ्नै क्षेत्रमा रही काम गर्न थाले । जसले गर्दा त्यस क्षेत्रमा पार्टीको सङ्गठन पनि बलियो हुँदै जान थाल्यो । त्यसका लागि भाकपा (मार्क्सबादी) को पनि सहयोग रह्यो । मनमोहन अधिकारीको पुष्पलाल र तुलसिलाल अमात्य दुबैसँग सम्पर्क टुटेर पूर्वकोशी प्रन्तीय कमिटीसँग सम्बन्ध बढ्दै गयो । फलत त्यस कमिटीले गरेका गतिविधिहरू उनलाई जानकारी गराउँदै जान थाले (अधिकारी, वि.सं.२०६४, पृ. ९२) ।

वि.सं.२०२५ सालको फागुन महिनामा मनमोहन अधिकारी जेलबाट छुटेर विराटनगर गएका बेला पूर्वकोशी प्रान्तीय कमिटको बैठकले उनलाई स्वागत गर्ने निर्णय गऱ्यो । सोहीअनुसार स्वागतकै क्रममा मनमोहन अधिकारीले उक्त कमिटीले गरेका कामको प्रशंसा गर्दै कामलाई निरन्तरता दिन सुझाव दिए । वरु आफूले केन्द्रीय स्तरमा सबैलाई समेट्ने प्रयास गर्ने जानकारी दिए । साथै कमिटी समक्ष आफूलाई सहयोग गर्न आग्रह गरेपछि उनीहरूले आफ्नो पूर्ण समर्थन र सहयोग रहने आश्वासन दिए (अधिकारी, वि.सं.२०६४, पृ. १०७) त्यसपछि नै न्युक्लियसको गठन भई पार्टीमा एकताको प्रयास अगाडि बढ्यो ।

### ६.५.२ केन्द्रीय न्युक्लियसको गठन

मनमोहन अधिकारी लामो समयसम्म जेलमा रहिरहनुभन्दा बाहिर आएर केही गर्न सकिएला भन्ने सोच राखेर जेलबाट छुटेका थिए । तर बाहिर आइसकेपछि उनले सोचे जस्तो परिस्थिति पाउन सकेनन् । उनले साथीहरूलाई समेटेर अगाडि बढ्न सकिएला भन्ने जुन सोचाई राखेका थिए, त्यो पनि तत्काल सम्भव देखिएन । हुन पनि वि.सं.२०१७ देखि २०२५ सालसम्मको अवधिमा देशमा धेरै परिवर्तनहरू भइसकेका थिए । त्यतिबेला राजाको प्रत्यक्ष शासन भएका कारण राजनीतिक दलका गतिविधिहरूमा कडा प्रतिबन्ध लागेको थियो । राजाको कदमका विरुद्ध नेकालगायतका राजनीतिक दलहरूले चलाएका सङ्घर्षहरूसमेत शिथिल भइसकेका थिए । पार्टीहरूका सङ्गठनात्मक संरचानाहरू सबै भताभुङ्ग बन्दै गएका थिए । कम्युनिस्ट पार्टी झन् बढी लथालिङ्ग भएको थियो । नेकपाको महासचिव रहेका केशरजंग रायमाझी विस्तारै कम्युनिस्ट गतिविधिबाट टाढा हुँदै जान थालेका थिए । तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव तुलसीलाल अमात्यले केन्द्रीय कमिटीलाई नै परिचालन गर्न सकेका थिएनन् ।

तेस्रो महाधिवेशनबाट बनेको केन्द्रीय कमिटीको मन्त्रीपरिषद्मा रहेका सदस्यहरूमध्ये कृष्णराज बर्माले केशरजंग रायमाझीलाई सर्मथन गरेका थिए । कमलराज रेग्मी जेलबाटै

पञ्चायती व्यवस्थालाई सर्मथन गरी कैद मुक्त भएपछि पञ्चायतकै पक्षमा काम गर्न थालेका थिए (अधिकारी, वि.सं.२०७० बैशाख ३१) । भरतमोहन अधिकारी र भरतराज जोशीसहित पूर्वकोशी प्रान्तीय कमिटीले वि.सं.२०२२ सालेदेखि केन्द्रसँग सम्बन्ध विच्छेद गरी अलग्गै समूहको रूपमा चलिरहेको अवस्थामा थियो । त्यसै गरी वाग्मती प्रान्तीय कमिटीले पनि वि.सं.२०२३ सालदेखि केन्द्रसँग सम्बन्ध विच्छेद गरी अलग्गै समूहका रूपमा चल्न थालेको थियो । पार्टीका संस्थापक महासचिव पुष्पलाल तथा तेस्रो केन्द्रीय कमिटीको मन्त्रीपरिषद्का सदस्य हिक्मतसिंह भण्डारी र केन्द्रीय कमिटीका अन्य चार जना सदस्यहरूसमेतले वि.सं.२०२५ सालमा पार्टीको तेस्रो सम्मेलन गरी नयाँ केन्द्र बनाएर चलेका थिए (के.सी., वि.सं.२०६०, पृ. ४९–५०) । यसरी छिन्नभिन्न भएको पार्टीलाई सम्हाल्नु र सबैलाई समेटेर अगाडि बढ्न त्यतिबेला अवश्य पनि सजिलो अवस्था थिएन ।

मोहन बिक्रम सिंह वि.सं.२०२७ साल चैत्रमा जेलबाट छुटेपछि मनमोहन अधिकारी, निर्मल लामा, शंभुराम श्रेष्ठ, जयगोविन्द शाह आदि मिलेर पार्टी पुर्नगठनका निम्ति नयाँ पहल सुरू गरे । वि.सं.२०२८ सालको मार्ग २० गते भूमिगत रूपले काठमाडौंको झौँछेमा बैठक बसी उनीहरूले केन्द्रीय न्युक्लियसको गठन गरे । जसको प्रमुख उद्देश्य छरिएर रहेका कम्युनिस्टहरूलाई एकसूत्रमा बाँधी एउटै पार्टीको गठन गर्नु रहेको थियो (पराजुली, सन् १९५५, पृ. ७२) । त्यसरी गठन भएको न्युक्लियसमा मनमोहन अधिकारीलाई सेक्रेटरी बनाइयो । शंभुराम र मोहन बिक्रम सिंह सेक्रेटरी सदस्य र जयगोविन्द साह, निर्मल लामा, भक्तबहादुर श्रेष्ठ, भरतमोहन अधिकारी, कमल कोइराला, सिद्धिलाल सिंह, खिमसिंह गुरूङ आदि सदस्यका रूपमा रहे (युगधारा साप्ताहिक, वि.सं.२०३८ श्रावण ८) त्यति बेलाको परिस्थितिका बारेमा मनमोहन अधिकारीले (वि.सं.२०५७ कार्तिक २) यसरी उल्लेख गरेको पाइन्छ :

> मोहन विक्रम सिंह जेलबाट छुट्नु भएपछि उहाँ, म, शंभुराम र निर्मल लामा आदि बसेर अब के गर्ने ? भनी सल्लाह गर्दा हामी नेपालभित्र रहेका व्यक्तिहरूको कुनै एउटा न्युक्लियस जस्तो बनाएर अघि बढौं पुष्पलाल र तुलसीलालको झगडाले उत्पन्न विभाजनको भुमरिमा नपरौं भन्ने सहमति बनायौं । पछि नेपालभित्र छरिएका सबै साथीहरूको धारणा बुझेर पुष्पलाल तुलसीलालसँग कुराकानी गर्न जानु राम्रो हुन्छ र हाम्रो प्रयासको अर्थ महत्वपूर्ण हुन जान्छ अहिले यसरी नै अघि बढौं भनिकन केन्द्रीय न्युक्लियस गठनको पहलकदमी गर्‍यौ । (पृ. २)

उपर्युक्त भनाइलाई विश्लेषण गर्दा वि.सं.२०२८ सालको प्रारम्भदेखि नै मनमोहन अधिकारी शंभुराम श्रेष्ठ, जयगोविन्द साह, निर्मल लामासहितका नेताहरू नेकपामा आएको फुटलाई रोक्दै पार्टीलाई पुनः एउटै बनाउने अभियानमा लागेको देखिन्छ ।

विभाजित हुँदै गएको पार्टीलाई एकीकरण गर्दै जाने प्रक्रियामा पुष्पलाललाई पनि सामेल गर्न मनमोहन अधिकारी र शंभुराम श्रेष्ठलाई कुराकानी गर्न पठाउने निर्णय भयो । सोही अनुसार

उनीहरू कुरा गर्न बनारस गए (सिंह, वि.सं.२०६६, पृ. ४६) तर जुन उद्देश्यका साथ कुरा गर्न गएका थिए त्यसमा कुनै उपलब्धि हुन सकेन । बरु कुरा किन मिलेन भन्ने बारे फरकफरक धारणा रहेको पाइन्छ । पुष्पलाल पछाडि हट्नुमा पार्टीभित्रका केही व्यक्तिको व्यवहारप्रति विश्वस्त हुन नसक्नु हो भन्ने शंभुराम श्रेष्ठको भनाई रहेको छ (वि.सं.२०६३, पृ. १८०) । त्यसै गरी पुष्पलालले वार्तामा बसेका सदस्यहरूको मनसाय पार्टी एकीकरण गर्ने र राजनीतिक छलफल गर्ने भन्दा पनि पार्टी विघटनमा जोड दिएका थिए (मिति अनु.(२), पृ. ७९) भन्ने रहेको छ हुन पनि पुष्पलालले बनाएको पार्टीलाई विघटन गर्नु पर्ने प्रस्ताव शंभुरामले राखेपछि कुरा मिल्न नसकेको देखिन्छ । न्युक्लियसले दिएको अधिकारभन्दा बाहिर गएर पार्टी विघटनको कुरा उठाउँदा सँगै रहेका मनमोहन अधिकारीले एकताको पक्षमा कुरा गर्नुको सट्टा बढी नरमपन्थी बनेर दुबैतिर ठिक्क हुने व्यवहार देखाउन पुगेका थिए भन्ने भरतमोहन अधिकारीको भनाइ रहेको छ (वि.सं.२०६४, पृ. १११) । पुष्पलालसँग भएको वार्ता सहमतिमा पुग्न नसकेपछि उनले चलाएको पार्टी अवैध भएको प्रचार गर्दै प्रवासमा बसेर क्रान्ति हुँदैन भन्दै नकारात्मक प्रचार गर्ने काम हुनथाल्यो (श्रेष्ठ, वि.सं.२०६०, पृ. १२९) । पुष्पलालसँग वार्ता गर्ने क्रममा शंभुरामलाई अगाडि सारेर आफू दुवैतिर ठिक्क बन्न खोज्नु मनमोहन अधिकारीको कमजोरी थियो । अन्तत पुष्पलालसँग भएको वार्ताबाट अपेक्षित परिणाम नआएपछि अन्य नेताहरूसँग पनि सकारात्मक कुरा हुन सकेन ।

### ६.५.३ न्युक्लियसबाट मनमोहन अधिकारीको बहिगर्मन

न्युक्लियसको गठन माओको विचार मान्ने कम्युनिस्टहरूका बीचको एकताको प्रयास थियो (पुष्पलाल, मिति अनु.(२), पृ. ७७) । न्युक्लियसमा पदीय हिसावले मनमोहन अधिकारी जे जस्तो हिसावले रहेको भए तापनि निर्णय गर्ने सवालमा मोहन विक्रम सिंहको शक्ति बढ्दै गएको थियो (पोखरेल, मिति अनु., पृ. ३२) । मोहन बिक्रम सिंहको सङ्किर्ण एवम् गुटवादी प्रवृत्ति न्युक्लियसको पहिलो बैठकमै देखा परेबाट पार्टीमा स्वच्छ ढङ्गले काम हुन नसक्ने सङ्केत देखियो (श्रेष्ठ, वि.सं २०६३, पृ. १८९) । त्यसका अलवा सैद्धान्तिक रुपमा पनि फरकफरक विचारहरू रहेका थिए । मनमोहन अधिकारी जेलबाट छुटे लगत्तैदेखि सैद्धान्तिक रूपमा केही नरम देखिन्थे भने मोहन विक्रम सिंह उनको तुलनामा हार्डलाइनर थिए । न्युक्लियसमा उठेको एउटा प्रमुख मतभेदको विषय भारतका सि.पी.आई., सि.पी.आई(मार्क्सवादी) र सि.पी.आई (मार्क्सवादी र लेलिनवादी) मध्ये सबैसँग अथवा कुनै एक वा दुईसँग मात्र भाइचाराको सम्बन्ध राख्ने भन्ने थियो । त्यसमा नीतिगत कुरा पनि जोडिएको थियो (उपाध्याय, वि.सं.२०७० जेठ ७) । नेकपाको स्थापनाकालदेखि नै भारतीय कम्युनिस्ट पार्टीको प्रभाव रहेको थियो । जुन निरन्तर रूपमा रहदै आएको थियो (लावती, सन् २००५, पृ. ४१) । विवाद भएका विषयमा मनमोहन अधिकारी अरुका कुरा धेरै सुन्ने तर

आफू नबोल्ने बानी थियो । उनको त्यही कमजोरीलाई देखेर मोहन बिक्रम सिंहले मार्क्सबाद, लेनिनबाद र माओ विचारधारा समदुरीमा राखेर हेर्नुपर्ने धारणालाई जवरजस्त गर्न खोज्दथे । माओ विचारधारा, मार्क्सबाद र लेनिनबाद जस्तै आमसत्य होइन भन्ने शंभुराम श्रेष्ठको धारणा थियो (वि.स.२०६३, पृ. १८७) । त्यसले गर्दा न्युक्लियसमा सैद्धान्तिक विवाद बढ्दै जानथाल्यो ।

सुरुसुरुमा न्युक्लियसमा जुन उत्साह थियो त्यो क्रमशः घट्दै जान थाल्यो । न्युक्लियसमा रहेका नेताहरूका बीचको एकता पनि क्रमशः कमजोर हुँदै गयो । विस्तारै बैठकमा उपस्थिति पनि कम हुँदै जानथाल्यो । बैठकमा उपस्थित नहुने क्रम शंभुराम श्रेष्ठले सुरु गरे भने मनमोहन अधिकारी पनि बिस्तारै बैठकप्रति उदासिन बन्दै जान थाले (अधिकारी, वि.सं.२०६९ पुस १९) । मनमोहन अधिकारीको पुष्पलालसँग मात्र होइन मोहन बिक्रम सिंहसँग पनि अनेकौं मतभेद सिर्जना हुनुका साथै राजनीतिक दृष्किोणमा पनि भिन्नता देखिदै जानथाल्यो ।

केही सैद्धान्तिक र केही नेताहरूका व्यक्तिगत स्वभावका कारण विभाजित भएको कम्युनिस्ट पार्टीलाई पुनः एकीकृत बनाएर अगाडि बढाउन संयोजनकारी भूमिका निर्वाह गर्ने उद्देश्यले गठन गरिएको केन्द्रीय न्युक्लियसले उद्देश्यअनुसार काम गर्न नसकेको मात्र होइन स्वयम् मनमोहन अधिकारीबाट पार्टीको गोपनीयता भङ्ग गरेको भन्ने आरोप समेत लाग्यो । उनलाई त्यो आरोप मोहन विक्रम सिंह र निर्मल लामाको सोचअनुसार नयाँ पार्टी गठन गर्ने कुरामा असहमति राखेकै कारणले लगाइएको थियो (ज्ञवाली, वि.सं.२०७० फागुन १०) त्यतिबेला नेताहरूको मूल्याङ्कन गर्दै आर.के.मैनालीले कोही गफको राजनीति गर्ने कोही विदेशको राजनीति गर्ने, कोही दाउपेचको राजनीति गर्ने तरेली तरेलीका नेताहरू देखापरे भनी सबैलाई फरकफरक किसिमले आलोचना गरेका थिए (वि.सं.२०६२, पृ. ३) । त्यसबाट पनि बुझ्न सकिन्छ केही नेताहरू आफूलाई केन्द्रमा राखेर काम गरिरहेका थिए । अन्य नेताको तुलनामा मोहन बिक्रम सिंहले आन्दोलनको दाउपेचद्धाँरा सबैलाई पछारेर अगाडि बढ्न खोजेपछि मनमोहन अधिकारीमात्र होइन शंभुराम श्रेष्ठ, भरतमोहन अधिकारी, कमल कोइराला, सिद्धिलाल सिंहलगायतका नेताहरूसमेत न्युक्लियसमा रहन सकेनन् । मोहन विक्रम सिंहलगायतका केही नेताले न्युक्लियसको उद्देश्य विपरित गएर चौथो महाधिवेशन गरी त्यसकै नाम जोडेर आफ्नो छुट्टै समूह गठन गरी वि.सं.२०१९ सालमा नेकपाबाट फुटेर बन्न गएका समूहहरूमध्ये अर्को एउटा समूह पनि थप्ने काम भयो (पोखरेल, मिति अनु., पृ. ३२) न्युक्लियसको नाममा एकठाउँमा आइ पुगेका नेताहरू अन्ततः केहीले महाधिवेशन गरी नयाँ पार्टीको गठन गरे भने केहीले बहिष्कार गरी फरक बाटो समाउन पुगे । त्यसरी विधिवत रूपमा न्युक्लियस विघटन हुन पुग्यो ।

न्युक्लियसमा रहेका विभिन्न व्यक्तिहरूनै त्यसरी विभाजित भएको घटनाले मनमोहन अधिकारीलाई ठूलो आघात पुऱ्यायो । पुष्पलाल र तुलसीलालजस्ता पहिलो पुस्ताका नेताहरूमा रहेको एकोहोरोपना तथा मोहन विक्रम सिंहलगायतका दोस्रो पुस्ताका नेताहरूमा रहेको समय परिस्थितिभन्दा फरक चिन्तनले गर्दा उनी धेरै अप्ठ्यारोमा पर्न पुगे । त्यसपछि उनी पूर्वकोशी प्रान्तीय कमिटीका संरक्षक भएर रहन थाले ।

### ६.५.४ झापा आन्दोलन र त्यसप्रतिको दृष्टिकोण

वि.सं.२०२२ सालदेखि स्वतन्त्ररूपमा कार्यरत पूर्वकोशी प्रान्तीय कमिटीले छुट्टै किसिमले राजनीतिक क्रियाकलाप गर्दै आएको थियो । पुष्पलालले तेस्रो राष्ट्रिय सम्मेलन गरी पार्टीलाई पुनर्गठन गर्ने प्रयासले कुनै सार्थक परिणाम आउन सकेन । राजनीतिक रूपले स्पष्ट बाटो पहिल्याउन नसकेको अवस्थामा वि.सं.२०२७ सालको अन्त्यतिर तत्कालीन पूर्वकोशी प्रान्तीय कमिटीको मातमहतमा कार्यरत झापा जिल्ला कमिटीले मनमोहन नेतृत्वको सङ्गठनसँग वैचारिक विमति राख्दै झापामा संङ्घर्षको थालनी गरे (पोखरेल, वि.सं.२०६९, पृ. १५) । मनमोहन अधिकारी जेलमुक्त भएपछि पूर्वकोशी प्रान्तीय कमिटीको नेतृत्व सम्हाल्न थालेका थिए । उनले नेतृत्व लिनु अगाडिदेखि नै कस्तो नीति लिने भन्ने विषयमा विवाद चलिरहेको थियो । त्यही क्रममा मनमोहन अधिकारीले 'राजा राष्ट्रिय शक्ति हो, पञ्चायत जीवीत यथार्थ हो' भन्ने धारणा अगाडि सारेपछि झापा जिल्ला कमिटी उनको अभिव्यक्तिबाट असन्तुष्ट बन्न पुग्यो र नेतृत्वसँग विद्रोह गरेर छुट्टै ढङ्गले अगाडि बढ्ने योजना बनायो (मिश्र, वि.सं.२०५८, पृ.२६) । त्यसमा पूर्वकोशी प्रान्तीय कमिटीअन्तर्गत रहेको झापा जिल्ला कमिटीले राज्यसत्ताका विरुद्ध सशस्त्र सङ्घर्ष गर्ने योजना बनाउन थाल्यो । मनमोहन अधिकारी त्यस कुरामा सहमत थिएनन् । फलतः झापा जिल्ला कमिटीले पूर्वकोशी प्रान्तीय कमिटीसँगको सम्बन्ध विच्छेद गरी आफ्नै स्वनिर्णयअनुसार "वर्गशत्रु खत्तम"को नीति लिएर गुरिल्ला सङ्घर्ष चलाउने निर्णय गऱ्यो ।

झापा जिल्ला कमिटीले गरेको शसस्त्र विद्रोह गर्ने निर्णयलाई रोक्न प्रान्तीय कमिटीको तर्फबाट मनमोहन अधिकारी, भरतमोहन अधिकारी, कमलप्रसाद कोइराला र महेशप्रसाद उपाध्याय तथा झापा जिल्ला कमिटीको तर्फबाट मोहनचन्द्र अधिकारी, रामनाथ दाहाल, राधाकृष्ण मैनाली, राजेन्द्र राजबंशी सम्मिलित कमिटीका बीचमा वार्ता भयो । वार्तामा प्रान्तीय कमिटीले झापा जिल्ला कमिटीले गरेको सशस्त्र सङ्घर्षका विषयमा ६ महिनाभित्रमा राय प्रस्तुत गर्ने भनेर टुङ्गीयो । तर सो अवधिमा कुनै राय दिन सकेन । फलतः झापा जिल्ला कमिटीको निर्णयका आधारमा वि.सं.२०२८ साल जेष्ठ २ गते झापामा पहिलो पटक 'वर्गशत्रु खत्तम' पार्ने कारवाही सुरु भयो (रावल, वि.सं.२०४७, पृ. ८०) । मनमोहन अधिकारी आफू सशस्त्र सङ्घर्षको बाटोमा

नजाने र जान खोजेकाहरूलाई पनि त्यसमा नलाग्न सुझाब दिए । त्यसो भए तापनि झापा जिल्ला कमिटीले आफ्नो अडानलाई छाडेन । पञ्चायती शासन व्यवस्था चलेको धन्न एकदशकसम्म उनको राजनीतिक यात्रा ज्यादै छिन्नभिन्न अवस्थाबाट गुज्रिन पुग्यो । एकातिर आफ्नो प्रभावमा रहेका मेची, कोशीका युवाहरूले उनको कुरालाई कुनै महत्व दिएनन् भने अर्कोतर्फ पुष्पलालसँगको मनमुटाव पनि यथावत कायम रही रह्यो ।

झापाबाट सशस्त्र सङ्घर्ष सुरु भएपछि प्रशासन कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूप्रति निकै आक्रामक भयो । विद्रोहप्रति पूर्वकोशी प्रान्तीय कमिटीको कुनै हात नरहेको समाचार विभिन्न पत्रपत्रिकामार्फत सार्वजनिक भइरहेका भए तापनि सरकारले आन्दोलनलाई त्यसै कमिटीसँग जोडर हेर्न थाल्यो (प्रस्फुटन मासिक, वि.सं.२०५१, पृ. १८) । विद्रोहमा लागेर पक्राउ परेका राजनीतिक कार्यकर्ताहरूलाई अमानवीय किसिमको व्यवहार गर्न थाल्यो । जेल परेका केहीलाई जेलसार्ने निहुँमा मध्यरातमा जङ्गलमा लगेर माऱ्यो (मैनाली, वि.सं.२०७० जेठ ११) । सरकारको त्यस किसिमको व्यवहार देखेर मनमोहन अधिकारीले लामो समयको मौनतापछि वक्तव्य दिए । वक्तव्यमा विद्रोहीहरूको अदम्य साहसको कदर गर्दै सरकारद्वारा चलाइएको दमनको कडा विरोध गरे । कम्युनिस्टहरूको बदनाम गराउन भारतीय र अमेरिकी जासुसहरू द्वारा झापा विद्रोहको नाममा घुसपैठ बढाई अनुचित फाइदा उठाउन षड्यन्त्र रचिरहेको आशङ्कासमेत गरेका थिए (रावल, वि.सं.२०४७, पृ. ८२) । त्यतिबेला एक साप्ताहिक पत्रिकाले 'मनमोहन अधिकारी र शंभुराम श्रेष्ठ भारतमा बनेका केही हतियार र बम भेला गरेर असामाजिक काममा लागेका छन्' भनी दुस्प्रचारसमेत गऱ्यो (पोखरेल, वि.सं.२०६९, पृ. ४६–४७) । मनमोहन अधिकारीलाई हत्याकाण्डमा फसाएर सजायको भागिदार बनाउने प्रयास भइरहेका बेला उनको त्यो वक्तव्य पनि त्यसका लागि एउटा खुराक बन्न पुग्यो ।

झापा विद्रोहमा भतिजा मोहनचन्द्र अधिकारीको सङ्लग्नता र आफ्नै राजनैतिक समूह समावेश भएको हुनाले त्यसलाई मनमोहन अधिकारीको सहयोग समर्थन रहेको ठहर सरकारले गऱ्यो (खतिवडा, वि.सं.२०५३, पृ. ६१) । त्यस्तो अवस्थामा निकालेको वक्तव्यलाई आधारमान्दै पञ्चायती प्रशासनले उनलाई पक्राउ गऱ्यो । सरकारले मनमोहन अधिकारीले विद्रोहीहरूलाई प्रोत्साहन दिइरहेको भन्ने वहानामा कैद गरेपछि अन्य कार्यकर्तालाई पनि पक्राउ गर्न सजिलो हुने ठहर गऱ्यो (अधिकारी, वि.सं.२०५४ चैत्र १९) । मनमोहन अधिकारीलाई थुनेको विरोधमा कमल कोइराला, महेशप्रसाद उपाध्याय, भरतमोहन अधिकारी, विष्णु सुवेदी र उदय ओझाले तुरुन्त रिहाइ हुनु पर्ने माग रारे (मातृभूमी साप्ताहिक, वि.सं.२०२९ फागुन १६) । झापा जिल्ला कमिटीबाट भएको त्यस किसिमको 'वर्गशत्रु खत्तम' कारवाहीलाई अन्य वामपन्थी समूहहरू सबैजसोले व्यक्ति हत्याको सङ्ज्ञा दिए । आमरुपमा झापा विद्रोह ब्यक्तिगत आतङ्कबाद भएको

ठहर गर्दै अधिकाङ्शले त्यो विद्रोहलाई चीन पन्थी नक्सलपन्थी सङ्गठन भएको धारणा राखेका थिए । पुष्पलालले सामन्तवाद विरोधी अभिव्यक्तिका रूपमा चित्रित गर्दै 'विद्रोह सामन्तवादी पञ्चायती व्यवस्था विरुद्ध लक्षित छ तर व्यक्ति हत्याले पञ्चायत व्यवस्था ढल्दैन' भन्ने धारणा व्यक्त गरे । नेकाका नेता वी.पी.कोइरालाले आफ्नो सिद्धान्तप्रति निष्ठावान्' भन्दै सकारात्मक प्रतिक्रिया दिए (रावल, वि.सं.२०४७, पृ. ८२) । मनमोहन अधिकारीको दृष्टिकोणलाई ऋतुवर्ण पराजुलीले (वि.सं.२०५३) यसरी प्रस्तुत गरेका छन् :

> झापा जिल्ला कमिटीले गर्न लागेको त्यो अभियान गलत हो भन्दै मैले पटकपटक सम्झाएँ । मैले के देखिराखेको थिएँ भने यस कार्यले गर्दा युवा पिढीले बचाउ गर्न सक्दैनन् । हाम्रा सबै साथीहरू कम्युनिस्ट विचारधारामा प्रशिक्षित भएका थिएनन् । त्यसैले उनीहरू गलत बाटामा नजाऊन् भन्ने उद्देश्यले मैले रोक्न धेरै कोसिस गरें । उनीहरू आफ्नो आस्थाको निम्ति जीवन उत्सर्ग गर्ने व्यक्तिहरू हुन् । व्यक्तिगत स्वार्थबाट प्रेरित होइनन् त्यसैबाट क्रान्ति हुन्छ भन्ने भावनाबाट प्रतिवद्ध युवाहरूको विद्रोह, झापा विद्रोहप्रति मेरो नकरात्मक दृष्टिकोण छैन (पृ. १९)

उपर्युक्त भनाइका आधारमा मनमोहन अधिकारीले सशस्त्र सङ्घर्षलाई रोक्नुभन्दा पनि सङ्घर्ष गर्न उत्साहित रहेका युवाहरूमा परिपक्वता नदेखेककै कारण रोक्न खोजेको देखिन्छ । अर्को तर्फ आन्दोलनका निम्ति सबै क्षेत्र, वर्ग, तह र तप्काका मानिसहरू कुनै न कुनै रुपमा तयार हुनु पर्नेमा त्यस्तो परिवेश बनेको थिएन । त्यतिबेला ती युवाहरूले गर्न खोजेको क्रान्ति समय सापेक्षिक नभएको भन्ने मनमोहन अधिकारीको भनाईलाई पछि समयले पनि प्रमाणित गरिदियो ।

### ६.६ नेपाल कम्युनिस्ट पार्टी (मनमोहन)को गठन

वि.सं.२००६ सालमा गठन भएको नेकपा वि.सं.२०१९ सालमा विधिवत रूपमा विभाजित भएको थियो । त्यसपछि एउटा पक्षको तुलसीलाल अमात्यले र अर्को पक्षको केशरजंग रायमाझीले नेतृत्व गरेका थिए । पार्टीको औपचारिक विभाजनपछि तेस्रो महाधिवेशनद्वारा निर्वाचित नेतृत्वभित्रै अन्तरकलह एवम् खिचलो उत्पन्न भएको थियो । वि.सं.२०२५ सालमा भारतको गोरखपुरमा तेस्रो सम्मेलनको आयोजना गरी पुष्पलालले पार्टीलाई पुनर्गठन गरेका थिए । बनारसको तृतीय महाधिवेशन र गोरखपुरको तृतीय सम्मेलन भइरहँदा कारावासमा सजाय भोगिरहेका मोहन बिक्रम सिंहले पनि वि.सं.२०२८ सालमा केन्द्रीय न्युक्लियसको गठन गरी छुट्टै पार्टी गठन गर्ने प्रयास गरे तापनि तत्कालका लागि विफल भएपछि वि.सं.२०३१ सालमा उनले चौथो महाधिवेशन गरी अलग पार्टीको घोषणा गरेका थिए (के.सी., वि.सं.२०६०, पृ. ४९–५०) । केन्द्रीय न्युक्लियसमा मोहन बिक्रम सिंहसँगै रहेका मनमोहन अधिकारी भने त्यसको विघटनपछि राजनीतिक रूपले केही समय निष्कृय जस्तै देखिए । पुष्पलालको निधनपछि भने उनको सक्रियता वढ्दै जान थाल्यो । जुन सक्रियता वि.सं.२०३६ सालको जनमत सङ्ग्रह गर्ने घोषणाले झनै बाटो खुल्यो (पन्थी, सन् २००७, पृ. २५४) ।

पुष्पलालको निधनपछि उनले नेतृत्व गरेको पार्टी नेतृत्व विहीन जस्तै भएको थियो । त्यसपछि पार्टीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा कुरा हुँदा मनमोहन अधिकारीलाई नेता बनाउनु पर्छ भन्ने धेरैको धारणा रह्यो । पार्टीको निकटमा रहेका बुद्धिजीवीहरूले पनि उनैलाई नेतृत्व दिएर जान सल्लाह दिए । त्यतिबेला मनमोहन अधिकारी पनि पार्टीको नेतृत्व लिन तयार थिए । तर सहाना प्रधान र वलराम उपाध्यायहरू आफै नेता बन्ने सोचाइमा देखिएपछि उनलाई ठूलो धक्का लाग्यो (उपाध्याय, वि.सं.२०६२, पृ. १०१) । त्यसपछि मनमोहन अधिकारीले पहिला पुष्पलालसँग आबद्ध रहेका पाटन, पोखरातिरका (गण्डकी), बुटवल (भैरहवा पाल्पा-लुम्बिनी) कम्युनिस्ट विचारका नेता तथा कार्यकर्ता समेटेर एकता सम्मेलनको आयोजना गरे । त्यही सम्मेलनबाट नेपाल कम्युनिस्ट पार्टीको गठन भयो (नेकपा जनवादी कार्यक्रम, मिति अनु., पृ. ८) । सुरुमा पार्टी गठन गर्दा नेकपा मात्र राखिएको भए भए तापनि वोलीचालीको भाषामा मनमोहन समूह भनेर चिन्ने गरिएको थियो (श्रेष्ठ, वि.सं.२०६०, पृ. १४५) । वि.सं.२०३६ साल भदौ २५ गते गठन भएको उक्त पार्टीको अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा हिक्मतसिंह भण्डारी चयन भए । त्यस पार्टीमा ९ जनाको पोलिटब्युरो र २१ जनाको केन्द्रीय कमिटी बनाइयो (घिमिरे, वि.सं.२०३७, पृ. ३५) त्यसरी बनाइएको कमिटी अन्य कम्युनिस्ट घटकहरूले तुलनामा केही ठूलो थियो । तर पार्टीमा रहेका कार्यकर्ताहरूलाई हेर्दा अन्य कम्युनिस्ट घटकहरूभन्दा कमजोर थियो (पोखरेल, मिति अनु. पृ. ५५) ।

मनमोहन अधिकारीले नयाँ पार्टीको गठन गरेपछिको परिवेशलाई मूल्याङ्कन गर्दै एकजना लेखकले 'व्यक्तित्वमा उच्च तर सङ्गठन गर्ने कम्युनिस्ट चरित्रमा न्यूनता रहेका मनमोहन अधिकारीले आफुजस्तै असङ्गठित र सुविधाको राजनीति चाहने व्यक्तिहरूलाई लिएर खुल्ला वातावरणमा नेकपाको एकता सम्मेलन गराए' भनी उल्लेख गरेको पाइन्छ (कुमार, सन् १९८०, पृ. ५९) । वास्तवमा मनमोहन अधिकारी जेलबाट छुटेदेखि अवैधानिक (पञ्चायती संविधानभन्दा बाहिर गएर) रूपले सङ्घर्षमा लागेको देखिदैन । उनी तत्कालीन राजनीतिक वातावरणको मान्यताभित्र रहेर अगाडि बढीरहेका थिए । त्यसै बीच राजनीतिक रूपले केही खुकुलो वातावरण भएको अवसर पारेर उनले पार्टी गठन गरेका थिए । नयाँ पार्टी किन र कुन परिस्थितिमा गठन भएको थियो भन्नेबारे स्वयम्को भनाइलाई ऋतुवर्ण पराजुलीले (वि.सं.२०५३) यसरी उल्लेख गरेको पाइन्छ :

> झण्डै दश वर्ष मैले कुनै पार्टी बनाइन । मलाई पुष्पलालले नेतृत्व गरेको पार्टीमै बसेर काम गर्ने इच्छा थियो तर पुष्पलालको वरिपरी बसेका मान्छेहरूले मलाई प्रवेश गराउने कुरामा बाधा हाले । पुष्पलाल छउन्जेल मैले कुनै पनि पार्टीको कुरा गर्दै गरिन । बरू एक्लै हिँडे । एक पटक शंभुराम, मोहन विक्रम आदिलाई लिएर न्युक्लियस गठन गर्न हात हालेको हो । पछि मलाई के जानकारी भयो

भने यीनीहरूसँग फसें भने राम्ररी काम गर्न सक्तिन । तिनीहरू चर्को भए । त्यसपछि तपाइहरू आफै गर्नुहोस् भनेर मैले छाडि दिएँ । (पृ. १३)

उपर्युक्त भनाइबाट के स्पष्ट देखिन्छ भने नयाँ पार्टी गठन गर्नुभन्दा अगाडि पुष्पलालले नेतृत्व गरेको पार्टी र त्यसले लिएको नीतिका बारेमा खासै आलोचना गरेको देखिँदैन । अन्य नेताहरूले जस्तो पुष्पलाललाई चुनौति दिएर पार्टी फुटाउने र नयाँ गुट बनाउने काममा उनी लागेनन् । पुष्पलालको निधनपछि उनले 'प्यारो नेता' भनेर पुष्पलाललाई सम्बोधन गर्दै त्यस समूहमा उत्पन्न नेतृत्वको विवादबाट लाभ लिने कोशिस गरेका थिए । तर पुष्पलालको समूहलाई छोडिसकेका र त्यो नेतृत्वमा बसिरहेका दुई पक्षका बीचको प्रतिस्पर्धा र आरोप प्रत्यारोपले गर्दा उनको उद्देश्य पुरा हुन सकेन । जब पुष्पलालले नेतृत्व दिंदै आएको पार्टीलाई सहाना प्रधान र बलराम उपाध्यायले चलाउन थाले त्यसपछिमात्र नयाँ पार्टी गठन गरेका थिए । ति दुई नेतामा सैद्धान्तिकभन्दा पनि व्यक्तिगत रूपमा मनोमालिन्य रहन गयो । नयाँ पार्टी गठन गर्नु त्यसैको परिणाम थियो (प्रश्रित, वि.सं.२०७० श्रावण १३) । मनमोहन अधिकारीले नयाँ कम्युनिस्ट पार्टीको गठन गरेर विगतमा नेताहरूले जसरी कम्युनिस्ट घटक बढाउने काम गरे जस्तै उनले पनि त्यही काम गरेका थिए । पार्टी गठन भएको छोटो समयपछि नै हिक्मतसिह भण्डारीले पार्टीको महासिचव पदबाट राजीनामा दिएका कारण उनले गठन गरेको नेकपाले पनि कुनै फरक किसिमको क्रियाकलाप गर्न सकेन ।

## ६.७ जनमत सङ्ग्रहमा मनमोहन अधिकारीको भूमिका

वि.सं.२०१७ सालको शाही कदमपछि राजनीतिक दलका केही जिम्मेवार नेताहरूले नै राजाको कदमलाई सर्मथन गरेको हुँदा राजाको कदमले नेपाल कम्युनिस्ट पार्टीभित्र गम्भीर मतभेद सृजना गरेको थियो । त्यो मतभेद बढ्दै जादा कम्युनिस्ट पार्टी विभाजित हुने एउटा कारण बन्न पुग्यो (अधिकारी, वि.सं.२०७० माघ १६) नेकाले राजाको निरङ्कुश कदमका विरुद्धमा दुई पटक सशस्त्र सङ्घर्ष गऱ्यो । नेपाल कम्युनिस्ट पार्टी पूर्वकोशी प्रान्तीय कमिटीअन्तर्गतको एक समूह झापा जिल्ला कमिटीले पनि वि.सं.२०२८ सालदेखि सशस्त्र बिद्रोह गऱ्यो । तर सफलता पाउन सकेनन् तथापि राजनीतिक दलहरू पञ्चायती व्यवस्थाका बिरुद्ध लागि रहेका थिए । प्रतिबन्धित अवस्थामा रहेका दलहरूले भातृसङ्गठनहरू बनाउँदै तिनैमार्फत आफ्ना अवधारणा तथा विचारहरूलाई प्रेषित गर्ने गरेका थिए । हुनत विद्यार्थीहरू पनि आफ्ना राजनीतिक आस्थाको प्रयोग गर्नबाट वञ्चित थिए । उनीहरू कुनै न कुनै बाटोबाट पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलन गर्न चाहन्थे । राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यालय तथा क्याम्पस स्तरमा युनियनहरू गठन गर्न बन्देज लगाइएका कारण उनीहरूमा पञ्चायत व्यवस्थाप्रति व्यापक असन्तोष बढेको थियो (अधिकारी, वि.सं.२०५५, पृ. २६२) ।

पञ्चायती व्यवस्थाका समर्थकहरूले व्यवस्थालाई बलियो बनाइराख्न बिभिन्न सङ्गठन बनाएका थिए । त्यसमध्ये 'राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल' एक थियो । त्यस सङ्गठनको दबदबा दिनदिनै बढिरहेको थियो । तिनीहरू सत्तापक्षको भएका कारण बिपक्षीहरूप्रति उनीहरूले कठोर व्यवहार गर्दै आएका थिए । त्यतिबेला उनीहरूको इतरपक्षीय विद्यार्थीमाथि उच्छृङ्खल रूपमा खनिने प्रवृत्तिको पराकाष्ठाको स्थितिले विद्यार्थीको असन्तोष विस्फोटको अवस्थामा पुग्यो (चालिसे, वि.सं.२०५९, पृ. ४८) । देशभित्र त्यस किसिमको राजनीति चलिरहेका बेला छिमेकी मुलुक पाकिस्तानमा त्यहाँको निरङ्कुश सैनिक सरकारले पूर्व जननिर्वाचित प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई फाँसीको सजाय दियो । त्यस घटनाले विश्वभर नै एक प्रकारले हलचल ल्यायो । त्यसै सन्दर्भमा काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूको आह्वानमा एउटा जुलुस विरोधपत्र दिन वि.सं.२०३५ साल चैत्र २४ गते पाकिस्तानी दुतावास जाने भए ।

नेपालको राजनीतिमा वि.सं.२०३२ देखि निस्कृय रहेको विद्यार्थी क्रियाकलापको सन्दर्भमा उनीहरूले आयोजना गरेको विरोध जुलुसलाई तत्कालीन सरकारले राजनीतिक दृष्टिले हेऱ्यो । पूर्वनिर्धारित कार्यक्रमअनुसार विद्यार्थीहरू चैत्र २४ गते त्रिचन्द्र क्याम्पसमा भेला भई जुलुससहित विरोधपत्र दिन पाकिस्तानी दुतावासतर्फ अगाडि बढेका थिए । तर त्यसै क्रममा लैनचौरमा पुग्दा विद्यार्थीको जुलुसमाथि एक्कासी प्रहरीले लाठी प्रहार गऱ्यो । त्यस क्रममा केही विद्यार्थीहरू पक्राउ परे भने बाँकी भागाभाग भए । त्यहाँबाट तितरवितर भएर क्रुद्ध भएका विद्यार्थीहरू पुनः सङ्गठित भएर त्यसको प्रतिवाद स्वरूप आन्दोलनमा उत्रिन पुगे । सरकारले विरोध जुलुस र विरोधपत्र दिने कार्यलाई आफ्नो प्रतिष्ठा विपरितको चुनौती ठानेर त्यही खालको व्यवहार गऱ्यो (वस्याल, वि.सं.२०७० फागुन १०) । यो आन्दोलनको सुरुवात सामान्य मागबाट भएको थियो । साँचो अर्थमा यो कुनै राजनीतिक आन्दोलन थिएन (कुमार, सन् १९८०, पृ. ५६) तर सरकारको गलत दृष्टिकोणका कारण विद्यार्थीहरूले शासन व्यवस्थाकै विरुद्धमा आन्दोलन गर्न पुगेका थिए ।

विद्यार्थी आन्दोलन भने पनि त्यसमा प्रतिबन्धित राजनीतिक दलहरूको कुनै न कुनै रूपमा सङ्लग्नता रहेको थियो । आन्दोलनले सबै वर्ग, तह र तप्काका मानिसहरूको सहयोग र साथ पाउँदै गयो । त्यतिबेला मनमोहन अधिकारीले देशका कर्णधार युवा विद्यार्थीहरूलाई आफ्नो सङ्गठन बनाउने स्वतन्त्रता नभएको तर सरकारी अनुदानमा शिक्षण संस्थाहरूमा शिक्षकहरू र विद्यार्थीहरूमा आतङ्क जमाउनका लागि राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल जस्ता सङ्गठनहरू सङ्गठित रहेको कुरा उल्लेख गरेका थिए । उनले नेपालका ख्यातिप्राप्त राजनीतिक नेताहरू देशको एक ठाउँबाट अर्को ठाउँमा जाँदा तिनै सरकारी गुण्डाहरूद्वारा अपमानित हुने गरेको जानकारी दिँदै स्वतन्त्रताप्रेमी विद्यार्थीहरूले चलाएको आन्दोलनलाई वक्तव्य निकालेर सर्मथन गरे

(पराजुली, वि.सं.२०५३, पृ. ३१०) । उक्त वक्तव्यपछि वि.सं.२०३५ साल चैत्र १३ गते कोशी अञ्चल प्रशासनले गिरफ्तार गरी काठमाडौंमा कैद गर्न त्यहाँबाट चलान गर्‍यो ।

मनमोहन अधिकारीले त्यतिबेला 'संविधान र कानुनको परिधि नाघी सङ्घर्ष र अशान्ति मच्चाउन अरूलाई उक्साई शान्तिसुरक्षामा खलल पुर्‍याउने काम गरेकोले नीजलाई कानुनी कारवाहिका लागि प्रशासनले हिरासतमा लिएको' भन्ने कुरा गृहपञ्चायतले जनाउँदै बाग्मती अञ्चलाधिस कार्यालयमा राजकाज अपराध मुद्दा दायर गर्‍यो (राष्ट्रपुकार साप्ताहिक, वि.सं.२०३५ चैत्र १६) । केही नेताहरूलाई नियन्त्रणमा लिए पनि विद्यार्थी आन्दोलन रोकिने अवस्थामा थिएन । सरकार विद्यार्थीमाथि पनि निरङ्कुश शैलीमा दमन गर्दै जान थल्यो । तथापि विद्यार्थी आन्दोलन तीव्र गतिले अगाडि बढ्दै जाँदा सरकार पनि त्रसित बन्न बाध्य भयो । त्यस्तो अवस्थामा तत्कालीन राजा वीरेन्द्रका अगाडि कठोर दमनका माध्यमबाट पञ्चायती व्यवस्थालाई जोगाउने कि, बहुदलीय व्यवस्था घोषणा गर्ने वा यी दुईमध्ये कुनै एउटा छनौट गर्न जनमतमा जाने ? तिनवटा विकल्प देखिएका थिए (फड्निस, सन् १९८१, पृ. ४३९) । अतः त्यस परिस्थितिमा तत्कालीन राजनीतिक सङ्कटको गाम्भीर्यतालाई महसुस गरी वि.सं.२०३६ साल जेठ १० गते राष्ट्रिय जनमत सङ्ग्रह गर्ने शाही घोषणा भयो ।

### ६.७.१ जनमत सङ्ग्रह गर्ने घोषणापछिको प्रतिक्रिया

पञ्चायती व्यवस्था र राजगद्दीप्रति नै जनआक्रोश बढ्दै गएपछि राजाले राजगद्दी नै अप्ठ्यरोमा परेको महसुस गरी त्यसलाई बचाउन जनमत सङ्ग्रह गर्ने घोषणा गरेका थिए (कुमार, सन् १९८०, पृ. ३८–३९) देशमा उठीरहेको जनक्रान्तिको विरुद्ध र बढ्दो कम्युनिस्ट प्रभावबाट डराएर भारतेली विस्तारवाद, नेपाली कांग्रेस, राजा र पञ्चहरू बीचको साँठगाँठद्वारा जनमत सङ्ग्रहको घोषणा भएको ठहर तत्कालीन नेकपा मालेले गर्‍यो (नेकपा माले, वि.सं.२०३६ भाद्र, पृ. १) । जनमत सङ्ग्रहको घोषणा नेपालका लागि नयाँ अनुभव थियो । राजा वीरेन्द्रभन्दा अगाडिका कुनै पनि शासकहरूले देशको शासन व्यवस्थालाई जनपरीक्षणमा लैजाने प्रयास गरेका थिएनन् ( बराल, सन् १९८३, पृ. ३) । शाही घोषणाका सम्बन्धमा बरिष्ठ पञ्चहरू, प्रतिबन्धित राजनीतिक दलका नेता र विभिन्न पत्रपत्रिकाहरूले आआफ्ना किसिमले प्रतिक्रिया दिए । धेरैजसो नेताहरूले प्रजातान्त्रिक अभ्यासको थालनी भएको भन्दै शाही घोषणाको स्वागत गरेका थिए । मनमोहन अधिकारीले 'राजाबाट चालिएको समसामयिक कदमबाट नेपाली जनता स्वयम्ले इच्छाइएको राजनीतिक व्यवस्था रोज्न पाउने अवसर पाएका' भनी घोषणाप्रति सकारात्मक दृष्टिकोण प्रस्तुत गरेका थिए (कार्की, वि.सं.२०४७, पृ. १९७) । त्यससँगै राजाको वरपर बसेका तत्वहरूले विगत २० वर्षमा आआफूलाई आर्थिक, राजनीतिक र सामाजिक रूपमा यति बलियो बनाइसकेका छन् ।

यी तत्वबाट राजाको घोषणालाई कार्यान्वयन हुन नदिन विभिन्न बाधा अड्चन खडा गरी शाही घोषणाकै सर्वथा विपरित काम गर्न पनि बेर लागाउने छैनन् भन्दै तत्कालीन परिस्थितिको विश्लेषण गरेका थिए (समाज दैनिक, वि.सं.२०३६, जेठ १३) । पञ्चहरू आर्थिक, राजनीतिक, सामाजिक रूपमा बलियो भएका कारण उनीहरूले जनमत सङ्ग्रह सकेसम्म हुन दिंदैनन् र दिए भने पनि सबैखालका हतखण्डाहरूको प्रयोग गर्ने छन् भन्ने आँकलन गरेका थिए ।

राजाबाट जनमत लिइने घोषणालाई निर्दलबादीहरूले अप्रत्यासित झड्काको रूपमा महसुस गरेका थिए । विश्वबन्धु थापा, रविन्द्रनाथ शर्मा, श्रीभद्र शर्माजस्ता केही पुराना पञ्चहरू बहुदलको पक्षमा देखिएका थिए । विश्वबन्धु थापाले त्यतिबेला "पञ्चहरूको पार्टी" गठन गर्ने प्रयाससमेत गरे (अधिकारी, वि.सं.२०५८, पृ. ५३७) । तर तुलसी गिरीलगायतका केही पञ्चहरू जनमत सङ्ग्रहको विरोधमा थिए । उनीहरूले बहुदल वा निर्दल जे सुकै भए पनि राजाको घोषणाबाट हुनुपर्छ, जनमतको रोजाइबाट हुनु हुँदैन भन्ने धारणा राखेका थिए (श्रेष्ठ, वि.सं.२०६०, पृ. १३७) । जनमत सङ्ग्रहको घोषणाले पञ्चहरूमा विभाजन ल्याइदिएयो । सुविधाभोगि राजनीतिमा अभ्यस्त पञ्चहरू कसरी जनतामा जाने भन्नेमा नै अलमलमा परे । कैयन् पञ्चहरू बहुदल पट्टी लागे । केही योग्य, सक्षम पञ्चहरू मुलुकको काम कारवाहीबाट सन्तुष्ट थिएनन् । तर त्यसै बीच सुर्यबहादुर थापा प्रधानमन्त्री हुँदा पञ्चहरूमा आशा जाग्यो तैपनि जनमतमा जाने वातारण बन्न सकेन (सुवेदी, वि.सं.२०६९, पृ. ४१) । त्यतिबेला पञ्चहरूले सोच्दै नसोचेको जनमत सङ्ग्रहको घोषणाले उनीहरूलाई अन्योलग्रस्त बनायो । एक किसिमले उनीहरू आत्तिएका पनि थिए । तथापि जनमत सङ्ग्रहको घोषणापछि राजनीतिक क्षितिजमा नयाँनयाँ तरङ्गहरू देखापर्दै थिए । त्यतिबेला राजनीतिक घटनाक्रम यसरी अगाडि बढेको थियो कि चाहेर वा नचाहेर पनि जनमत सङ्ग्रहलाई स्वीकार्न पञ्चहरू पनि बाध्य हुँदै गए ।

### ६.७.२ वामघटकहरू बीचमा भूमिका

वि.सं.२०१७ सालको शाही कदमपछि अन्य पार्टीको तुलनामा नेकपा साङ्गाठनिक संरचनामा ठूलो हलचल आएको थियो । पार्टी विभाजनको प्रक्रिया तीव्र बनेको थियो । जनमत सङ्ग्रहको घोषणा हुँदाका बेला ठूला साना गरी १४ बटा कम्युनिस्ट समुहहरू अस्तित्वमा रहेका थिए (पन्त, वि.सं.२०६८, पृ. १०९) । तिनै पार्टीहरू जनमत सङ्ग्रहलाई उपयोग र बहिष्कार गर्ने नीति अनुरुप २ खेमामा विभाजीत थिए । त्यतिबेला वक्तव्य दिएरमात्र राजनीति पार लाग्ने अवस्थामा थिएन । राजनीतिक घटनाक्रमहरू दिन प्रतिदिन फरक किसिमले अगाडि बढीरहेको थियो । त्यसले गर्दा जनमत सङ्ग्रहको घोषणा गर्दाको पृष्ठभूमी, घोषणामा रहेको आधारभूत स्वार्थ र भावी परिणामबारे गम्भिरतापूर्वक सोच्नु पर्ने परिस्थिति सृजना हुँदै गयो । शान्तिपूर्ण उपाय र

वैधानिक सङ्घर्षमा मात्र सिमति रहेका वामपन्थी राजनीतिक दलहरूका लागिभन्दा पनि सशस्त्र सङ्घर्षको बाटो अपनाएको राजनीतिक समूहमा त्यतिबेला एक किसिमको राजनीतिक अन्योलको स्थिति देखिन पुग्यो । त्यसको सहज अवतरणका लागि भए तापनि वामपन्थी समूहहरूलाई तत्काल केही सोच्नुपर्ने, असङ्गठित अवस्थामा रहेकाहरूलाई सङ्गठित गर्नुपर्ने, सङ्गठनमा आवद्ध भएकाहरूले चनाखो भएर सोच्नु पर्ने र निर्णयमा पुग्नका लागि व्यापक छलफल गर्नुपर्ने परिस्थिति देखापर्दै गयो (घिमिरे, वि.सं.२०३७, पृ. १७) ।

मनमोहन अधिकारीको पार्टी ठूलो थिएन तर नेपाली समाजमा उनको पहिचान र साख राम्रै रहेको थियो । उनी सबै पक्षका सम्मानीत नेता थिए (नेपाल, वि.सं.२०७०, पृ. २२१) । पुष्पलालका अनुयायीहरू त्यतिबेला दह्रो नेताको खोजिमा रहेको हुनाले उनीप्रति उदार र उनका कार्यकर्ता र सर्मथकहरू पुष्पलालका अनुयायी पक्षतिर आशामुखि भएका कारणले एकताका लागि दुवै पक्षबाट कुराकानीको थालनी गरिए पनि सकारात्मक परिणाम भने आउन सकेन (नयाँसन्देश साप्ताहिक, वि.सं.२०३६ असार १५) । जनमत सङ्ग्रहका विषयमा समान दृष्टिकोण भएका कतिपय दलहरू बीच पनि एकता पहिल्याउने कोसिस हुन सकेन । यद्यपि मनमोहन अधिकारीले जनमत सङ्ग्रहमा सबै वामघटकलाई बहुदलका पक्षमा लाग्न आह्वान गर्ने पहिलो कम्युनिस्ट नेता थिए (नेपाल, वि.सं.२०७०, पृ. २२१)

यति हुँदाहुँदै पनि जनमत सङ्ग्रहलाई निश्पक्ष र धाँधलिरहित बनाउन केही वामपन्थी समूहहरू मिलेर ५ वटा पूर्वसर्तहरूलाई अगाडि सारे । जसमा (१) सबै प्रकारका राजवन्दीहरूलाई कुनै भेदभाव नगरी तत्काल रिहा गरिनुपर्छ (२) राजनीतिक व्यक्तिहरूमाथिका सबै मुद्दा फिर्तालिई खुल्ला रूपमा राजनीतिक गतिविधि गर्न पाउनुपर्छ (३) पञ्चायती सरकारको विघटन गरी अन्तरिम सरकारको गठन हुनुपर्छ (४) नागरिकका मौलीक हकहरूलाई बन्देज गरिने सबै कानुनहरू निलम्वित हुनुपर्छ (५) १८ वर्ष उमेर पुगेका नागरिकलाई मताधिकार हुनुपर्छ भन्ने थिए (रावल, वि.सं.२०४७, पृ. १८६) । त्यसपछि जनमत सङ्ग्रहलाई सकारात्मक ठान्ने वामपन्थीहरूले जनमत सङ्ग्रहको निष्पक्षतालाई लिएर वि.सं.२०३६ भाद्र २४ गतेदेखि जनआन्दोलन गर्ने निर्णय गरी प्रचारप्रसार थाले (देवकोटा, वि.सं.२०३९, पृ. ३३७) । सोहीअनुसार आन्दोलनमा मनमोहन अधिकारीलगायत अन्य वाम राजनीतिक शक्तिहरूले साझा सहमति जनाएर सकारात्मक सन्देश दिने प्रयास गरेका थिए । मनमोहन अधिकारीले उक्त पाँच शर्तलाई सबैभन्दा बढी जोड दिएका थिए । उनका प्रत्यक भाषणमा त्यो कुराले निरन्तरता पाएको थियो ।

जनमत सङ्ग्रहको व्यापक प्रचारपछि कम्युनिस्टहरूमा पनि प्रजातान्त्रिक किसिमले अगाडि बढ्नु पर्छ भन्ने नयाँ सोचको विकास हुदै जान थाल्यो (पराजुली, वि.सं.२०५३, पृ. १३) । मनमोहन

अधिकारीले जनमत सङ्ग्रहमा बहुदल पक्षलाई विजयी गराउन आह्वानसमेत गरे । उक्त आह्वानपछि विरोधी मनस्थितिमा रहेका कतिपय वामघटकहरू पनि बहुदलको पक्षमा लागे (ढकाल, वि.सं.२०४९, पृ. ९) । तर जनमत सङ्ग्रहलाई निश्पक्ष बनाउन ५ पूर्वशर्त सम्बन्धी प्रेस विज्ञप्तीमा हस्ताक्षर गर्नेमध्येको एक चौथो महाधिवेशन स्वयम् भने अन्ततः जनमत सङ्ग्रहलाई बहिष्कार गर्ने निर्णयमा पुग्यो । त्यतिमात्र होइन वि.सं.२०३६ साल भदौ २४ गतेको आन्दोलनमा सक्रिय भएका अन्य समूहहरूलाई समेत वाम पार्टी मान्न उसले अस्विकार गऱ्यो (नेकपा चौम, वि.सं.२०४१, पृ. ३३–३५) ।

जनमत सङ्ग्रहको घोषणाले वामपन्थी समूहहरूको कार्यनीतिमा असर पाऱ्यो । त्यसैमध्ये मनमोहन अधिकारी र पुष्पलालका अनुयायी समूहहरूका कार्यनीतिमा पनि परिवर्तन ल्यायो (घिमिरे, वि.सं.२०३७, पृ. १७) । नेकपा मालेले देशमा देखा परेका केही वुर्जुवा जनवादीहरू पनि निरङ्कुश राजतन्त्रको खुल्ला विरोधीका रूपमा देखा परे तापनि देशको खास स्थितिमा संवैधानिक राजतन्त्रको समर्थकका रुपमा अगाडि आएका दक्षिणपन्थी माओवादी भन्ने धारणा व्यक्त गऱ्यो (के.सी., वि.सं.२०६३, पृ. १०९) । वि.सं.२०३६ साल फागुन ४ गते आएर मनमोहन समूहलाई जनवादी मित्रका रूपमा मान्यता दिई त्यससँग मिलेर काम गर्ने तर त्यस समूहले कम्युनिस्टको नाममा फैलाई रहेको दक्षिणपन्थी अवसरवादको पनि आलोचना गरिरहने निर्णय गऱ्यो (के.सी., वि.सं.२०६३, पृ. १३३) ।

जनमत सङ्ग्रहको घोषणाताका नेकपा मालेका थुप्रै नेताहरू जेलमा थिए । तुलनात्मक रूपमा खुकुलो राजनीतिक वातावरण बनिरहेको अवस्था र मनमोहन अधिकारी खुल्ला राजनीतिमा रहेको हुँदा उनैका माध्यामबाट जेलमा रहेका नेताहरूलाई बाहिर ल्याउन कोशिश हुँदै थियो । जनमत सङ्ग्रह गर्ने घोषणा भएको १ वर्ष बित्न लागे तापनि आस्थाका बन्दीहरू जेलमा नै थिए । उनीहरूको रिहाइको माग गर्दै मनमोहन अधिकारीको अगुवाइमा वि.सं.२०३७ साल बैशाख १ गते बन्दीविमोचन दिवस मनाउने तयारी हुँदै थियो । नेकपा (माले)ले उक्त दिवसलाई आफ्नो पार्टीको नेतृत्वमा मनाउन प्रयत्न गर्ने, आफूले पनि सफलतापूर्वक भाग लिने, त्यसो हुन नसकेमा उनीहरूसँग मिली सक्रियतापूर्वक त्यो दिवस मनाउने र उक्त दिन आफ्ना मानिसहरू पठाइ सक्रिय हुने नीति लियो (के.सी., वि.सं.२०६३, पृ. १४१) । कार्यक्रम गर्ने भनी तोकिएको दिनमा नै राजाद्वारा राजबन्दीहरूलाई आममाफी दिने घोषणा भयो । राजाबाट भएको घोषणा एक पक्षीय भएको, झापा सङ्घर्षलगायत देशका विभिन्न ठाउँमा पञ्चायत विरोधी आन्दोलनमा भाग लिएका व्यक्तिलाई नछोडेको भन्दै छिटोभन्दा छिटो उनीहरूलाई जेलमुक्त गर्न मनमोहन अधिकारीले जोड दिए (देवकोटा, वि.सं.२०३९, पृ. ४१३) । वी.पी.कोइरालाले राजाले दिएको क्षमदानप्रति सन्तुष्टी जनाउँदै उनलाई धन्यवाद दिएका थिए (थापा, वि.सं.२०६६, पृ. ४८४) ।

वामपन्थी घटकहरू धेरै भएका, जनमत सङ्ग्रहप्रति एकै किसिमको धारणा आउन सकेन वरु एक पक्षले अर्को पक्षलाई हेर्ने दृष्टिकोणमा पनि फरकपन आइरह्यो । सुरुसुरुमा मनमोहन अधिकारीको निकै आलोचना गर्ने नेकपा (माले)का नेताहरूले उनलाई माध्यम बनाएर जेलमा रहेका आफ्ना नेता कार्यकर्ताहरूलाई छुटाउन केही सजिलो हुने ठानी क्रमशः उनीप्रति नरम हुँदै गएका थिए भने केही वाम घटक जनमत सङ्ग्रहलाई निश्पक्ष बनाउन भन्दै पूर्वशर्तहरूसहित वक्तव्य निकालेकाहरू पनि क्रमशः टाढीदै जान थालेका थिए । मनमोहन अधिकारीको बढ्दो सक्रियता अन्य वामपन्थी घटकले त्यति सहज मानिरहेका थिएनन । जनमत सङ्ग्रहको पछाडि दौडने उनलाई संशोधनवादी मुखियाको पदवी समेत दिइएको थियो (सर्वहारा कम्युनिस्ट लिग, मिति अनु. पृ. ११) । त्यसो हुनुमा एउटा पक्षले अर्को पक्षलाई लगाउने गरेको आरोप संशोधनवादी, गैरकम्युनिस्ट त छँदै थियो त्यसमाथि पनि प्रतिस्पर्धात्मक राजनीतिमा अन्य दल र नेताहरूका तुलनामा मनमोहन अधिकारीको बढी सक्रियता पनि एउटा कारण थियो ।

### ६.७.३ जनमत सङ्ग्रहको प्रचार अभियानमा

राजाबाट राष्ट्रिय जनमत सङ्ग्रह गरिने घोषणा भए तापनि कहिले हुने भन्ने मिति किटान गरिएको थिएन । तथापि बहुदलवादी र निर्दलवादीहरू आआफ्नै ढङ्गले प्रचारमा लागेका थिए । त्यसैक्रममा वि.सं.२०३६ साल असार १० गते टुडिखेलको आमसभालाई सम्बोधन गर्दै मनमोहन अधिकारीले जनमत सङ्ग्रह जनताले सङ्घर्ष गरेर पाएको अधिकार हो । कसैबाट भिक्षाको रूपमा पाएको होइन । मुठ्ठीभर पञ्चायतवादीहरू देश र जनताको भक्त भएनन् । तैपनि पञ्चहरूलाई अझै प्रश्रय दिइँदैछ भन्दै परिस्थितिको विश्लेषण गरेका थिए (मातृभूमी साप्ताहिक, वि.सं.२०३६ असार १२) । जनमत सङ्ग्रह कुन दिन हुने भनी मिति नतोकिएको अवस्थामा राष्ट्रिय चुनाव आयोगले ‘सरकारी बानिव्यहोरा छाडेर सबै क्षेत्रका व्यक्तिहरूसित अविलम्ब सल्लाह गरी काम प्रारम्भ गरेमा असोज महिनामा जनमत सङ्कलन गर्न नसकिने कारण छैन भन्दै छिटोभन्दा छिटो जनमत सङ्कलन गराउनु पर्ने राय दिए (आचार्य, वि.सं.२०४२, पृ. ३९३) । चारै तिरको दवावपछि राष्ट्रिय चुनाव आयोगले राष्ट्रिय जनमत सङ्ग्रह वि.सं.२०३७ साल बैशाख २० गते बिहान ९.१५ बजेदेखि बेलुका ५.१५ बजेसम्म हुनेगरी मिति तोक्यो । जनमत सङ्ग्रहको मतदानको मिति घोषणा भएपछि सम्पूर्ण राजनैतिक शक्तिहरू आफ्ना अभियानमा सक्रिय हुन थाले ।

मनमोहन अधिकारीले जेठ २२ गते पाटनको च्यासलमा आयोजीत १९ वर्षपछिको पहिलो बहुदलीय आमसभामा बहुदलवादी राजनीतिक शक्तिहरू संयुक्त रुपमा जनमत अभियानमा जानुपर्छ भन्ने धारणा प्रस्तुत गरेका थिए । त्यस क्रममा उनले बहुदलबादी शक्तिहरू मिल्नुको विकल्प छैन भन्दै वामपन्थी र प्रजातन्त्रवादी शक्तिहरू एक भएर अगाडि बढ्नाले जनमत

सङ्ग्रहमा भाग लिन पाएको भन्दै बहुदलवादी शक्तिहरू एक भएर अगाडि बढ्नलाई विद्यार्थी आन्दोलनले पनि पाठ सिकाएको कुरालाई समेत मनन गर्न आग्रह गरे (गोरखापत्र, वि.सं.२०३६ साउन ५) । बहुदलका पक्षमा प्रचार प्रसारमा एउटा संयुक्त बहुदलीय मोर्चाको नेतृत्वमा जादा जनतामा एकै किसिमको विचार आवाज र कार्यक्रम हुन सक्थ्यो । त्यसबाट शक्ति समय र खर्चको समेत वचत हुन्थ्यो । यी सबै कुराको गहन विश्लेषण गरी सबैभन्दा पहिले मनमोहन अधिकारीले अभियान चलाउन बहुदलवादीहरूको एउटा राष्ट्रिय मञ्च बनाउन वी.पी.कोइरालासमक्ष प्रस्ताव गरे (अधिकारी, वि.सं.२०६४, पृ. १३६) । उनी तत्कालीन परिवेशमा जनमत सङ्ग्रहको निश्पक्षतामा विश्वस्त नरहेको प्रष्ट हुन्थ्यो । हुन त नेपाली कांग्रेसका नेता गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई पनि विश्वस्त थिएनन् । नेताद्धयले निश्पक्ष निर्वाचनका लागि केही पूर्वाधारहरू पुरा गरिनु पर्ने माग गरेका थिए । जसमा पञ्चायती सरकारको विघटन गरी अन्तरिम सरकारको गठन, पञ्चायती निकायहरूको निलम्बन गरी निश्पक्ष निर्वाचन आयोगको गठन गर्नु पर्नेजस्ता कुरा उल्लेख थिए (लौडारी, वि.सं.२०५९, पृ. १४३) । तर वी.पी.कोइरालाले पूर्वशर्तमात्र होइन कम्युनिस्ट नेताहरूले प्रस्ताव गरेको संयुक्त मोर्चाको प्रस्तावलाई समेत अस्विकार गरे (शर्मा, सन् १९८२ पृ. २७१) । त्यतिमात्र होइन जनमत सङ्ग्रह निश्पक्ष हुनेमा आफ्नो दृढ विश्वास रहेको कुरा जनकपुरमा पत्रकारहरूसँगको भेटमा व्यक्त गरेका थिए (अर्पण साप्ताहिक, वि.सं.२०३६ चैत्र ८) ।

जनमत सङ्ग्रह निष्पक्ष बनाउन वामपन्थीसमूहले अगाडि सारेका पाँच पूर्वशर्तप्रति गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको सकारात्मक दृष्टिकोण रहेको थियो । वी.पी.कोइरालाले आफ्नै पार्टीका नेता र बहुदलको पक्षमा रहेका बामपन्थी पार्टीको वृहत नेतृत्व लिने जुन अवसर पाएका थिए त्यसको महत्वलाई बुझ्न सकेनन् । तथापि जनमत सङ्ग्रहको समयमा मनमोहन अधिकारीलाई नरमपन्थी कम्युनिस्टको रूपमा हेरिएको थियो । उनको जनमत सङ्ग्रह सम्वन्धी धेरै नीति नेकासँग मिल्दोजूल्दो थियो । फलत जनमत संङ्ग्रहको पहिलो आधा भागमा उनको जिब्रोमा मनमोहन अधिकारीको नाम झुन्डिएको थियो (पन्त, वि.सं.२०६८, पृ. २०३) । त्यतिमात्र होइन भारतको पश्चिम वङ्गालका मुख्यमन्त्री ज्योति वसु जस्तै राष्ट्रिय सोच भएका कम्युनिस्ट नेताका रूपमा तुलना गरिएको थियो (कुमार, सन् १९८० पृ. ४४) मनमोहन अधिकारीले पनि तत्कालीन अवस्थामा राजतन्त्रको तुलनामा पूँजीँवादी दृष्टिकोण राख्ने पार्टी नै भए तापनि निश्चित उद्देश्यका लागि नेकासँगसँगै जान प्रस्ताव गरेका थिए । त्यसबेला आफु प्रजातन्त्र नआउने बेलासम्म नेकासँग हुने र प्रजातन्त्र आइसकेपछि प्रतिपक्षमा उभिने पहिलो व्यक्ति हुनेछु भनेका थिए (कुमार, सन् १९८० पृ. ४९) उनको त्यो भनाइलाई तत्कालीन अवस्थामा हल्का रूपमा लिएको भए तापनि त्यसले दुरगामी प्रभाव भने अवश्य पाऱ्यो । त्यही प्रयासको परिणाम वि.सं.२०४६ सालको संयुक्त आन्दोलनको पृष्भूमि बन्यो ।

मनमोहन अधिकारीको देशव्यापी बहुदल प्रचार अभियानले उनको व्यक्तित्व जनताको बीचमा प्रभावशाली हुँदै गयो । धेरै वर्षदेखि छायाँ परेको राजनीतिक छवि त्यसपछि क्रमश चम्किलो हुँदै गयो (प्रश्रित, वि.सं.२०७० श्रावण १३) । त्यसो हुँदा जनताको माझमा आफ्ना भनाइ राख्न अझ उत्साहित हुँदै गएका थिए । बहुदलको प्रचार गर्ने क्रममा जनकपुरको एक कार्यक्रममा यदी जनमत सङ्ग्रहमा धाँधली भयो र परिणाम निर्दलीयको पक्षमा गयो भने त्यसका विरुद्धमा व्यापक जनसङ्घर्ष हुनेछ भन्ने चेतावनी दिएका थिए । 'हाल ९ करोड रूपैयाँ पञ्चायतको नाममा छुट्याई राष्ट्रिय पञ्चायत सदस्य, प्रधानपञ्च र अन्य पञ्चहरूलाई वितरण गरी पञ्चायतलाई जिताउन षड्यन्त्र भइरहेको छ' भन्दै तत्कालीन परिस्थितिको यथार्थ चित्रण गरेका थिए (गोरखापत्र, वि.सं.२०३६ भदौ २७) । जनकपुरमा भएको आमसभालाई असफल पार्न स्थानीय प्रशासनले रेल तथा अन्य यातायातलाई १ दिन हड्ताल गराई आमसभामा जनताको उपस्थिति न्यून गराउने कोसिस गरे तापनि टाढाटाढाबाट उत्साहका साथ जनताको उपस्थित रह्यो । प्रशासनको अवरोधका वावजुद पनि ठूलो जनसमुदायका बीच कार्यक्रम सफल पारेकोबाट पञ्चहरूमा आक्रोश थियो । त्यही दिन बेलुका जनकपुरको 'रामा' होटेलमा बसेका उनलाई रङ्गभूमिमा बोलेका कुरालाई लिएर आपत्ति देखाई पक्राउ गरी राजकाज मुद्दा लगाई दुई महिनाको तारिखमा छाडियो (मातृभूमि साप्ताहिक, वि.सं.३०३६ असोज २) ।

प्रशासनबाट मनमोहन अधिकारीमाथि जुन खालको व्यवहार भएको थियो त्यसलाई धाँधली र जनमत सङ्ग्रह विथोल्ने षडयन्त्रको अर्को प्रमाणको रूपमा लिइएको थियो । उनले १९ वर्षको अवधिमा पञ्चायती व्यवस्थामा व्याप्त भ्रष्टाचार, अत्याचार र दमन बढेको छ । भूमिसुधारले सामन्तीहरूलाई मात्र फाइदा भएको छ । विदेशबाट अरवौं रूपैयाँको सहायता विकासको नाममा लिएर भ्रष्टाचार गरी रातारात धनी भएका छन् । भ्रष्टाचार गरेको पैसा विदेशी बैंकमा जम्मा भइराखेको छ । पञ्चायती शासनमा विदेशबाट सहायता स्वरूप आएको ३८ अर्व रूपैयाको सदुपयोग नभएको विदेशी सहायतामा समेत भ्रष्टाचार भएको छ भन्दै राज्य व्यवस्थाबाट भएका कामको पर्दाफास गरेका थिए (गोरखापत्र, वि.सं.२०३७ बैशाख १७) । राजाबाट निस्पक्ष निर्वाचनको घोषणा भए पनि पञ्चहरूमाथि विश्वास गर्न नसकिने र उनीहरूबाट गरिएको भ्रस्टाचारको रकम निर्वाचनमा धाँधली गर्न खर्च गर्न सक्ने तर्फ सचेत गराएका थिए । पञ्चायत समर्थकहरूले बहुदलका पक्षमा लाग्यौ भने तिमिहरूलाई भारतले निल्ने छ भन्ने खालको प्रोपकाण्ड प्रचार गरेका थिए (कुमार, सन् १९८०, पृ. ५९) ।

त्यतिवेला पञ्चायती व्यवस्थालाई जिताउन के कस्ता कदम चालिएका थिए भन्ने सम्बन्धमा तत्कालीन राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीले (वि.सं.२०६९) यसरी उल्लेख गरेको पाइन्छ :

...मेरो धारणामा करिब तिन करोड पचास लाख जति भए पञ्चायतलाई जिताउन सकिन्छ भन्ने थियो । ...सूर्यवहादुर थापाले नवराजजी कुनै एक व्यापारी समाउनुस् कुन शर्तमा दिन्छ सोध्नुस् र एकै जनासँग तिन करोड लिने व्यवस्था गर्नुस् भन्नु भएको थियो ।...व्यापारी चोथमल जाटियाको ठूलो कारोवार थियो । तिनलाई दुईनम्वरी व्यापारको जनक पनि भनिन्थ्यो ।...त्यसवेला मलाई एक नम्वरी दुइनम्वरी केही मतलव थिएन । खाली पञ्चायत जिताउन पैसा चाहिएको थियो । उनीसँग मैले सबै कुरा राखेपछि उनले ...पञ्चायत जिताउन खाली साढे तीन करोड चाहिएको छ । त्यो त साह्रै लाजमर्दो कुरा भयो । म आजै दिन सक्छु तर पैसा दिने सर्त छन् १.गृहमा कारवाहि हुँदै छ चाडै नागरिकता पाउँ २. एक ठूलो कटन मिल काठमाडौमा खोल्न पाउँ ३. मसँग सर्पको छाला छ विदेश निकासी गर्न पाउँ ।...यी तिन शर्त जिम्मा लिनु हुन्छ भने साढे तीन करोड होइन पञ्चायतलाई जति चाहिन्छ, जतिवेला चाहिन्छ म नै रकमको व्यवस्था मिलाई दिन्छु ।...हामीले उनको शर्त मन्जुर गऱ्यौं । त्यसपछि पञ्चायतलाई पैसाको चिन्ता भएन । (पृ. ४२–४३)

उपर्युक्त भनाइबाट के स्पष्ट हुन्छ भने त्यतिबेला शासनसत्ताको कतिसम्म दुरुपयोग हुन्थ्यो भन्ने कुराको प्रमाण हो यो । मनमोहन अधिकारीले राज्यबाट भएको शक्तिको दुरुपयोगका बारेमा जनतालाई स्पष्ट पार्ने गरेको अर्को उदाहरण पनि हो । सत्ताको मातमा रहेकाहरूले साँचो कुरा सुन्न नसकि साँचो कुरा बोल्नेहरूलाई मुद्दा खेप्न बाध्य बनाउने कुराको दृष्टान्त पनि हो ।

मनमोहन अधिकारीले बहुदलको पक्षमा प्रचारप्रसार जादा प्रशासनलगायत त्यतिबेलाका पञ्चहरूले कुनै न कुनै रूपमा दुःख दिइरहेका थिए । 'मनमोहन अधिकारी भनेकै बहुदल हो' भन्ने आशयले पञ्चहरूले उनका विरुद्ध 'खानामा नराम्रो लालमोहन, मान्छेमा नराम्रो मनमोहन, मनमोहनलाई फाँसि दे, कालो मनमोहन पेकिङ्ग जा' भन्नेजस्ता तुच्छ नारासमेत लगाउने गरेका थिए (आचार्य, वि.सं.२०४२, पृ. ५६७) । पञ्चायती व्यवस्थाको विरोध र शासकहरूले गरेको जनविरोधी कुराहरूको भण्डाफोर गर्ने कुरामा उनी निकै आक्रामक बन्ने गरेका थिए । उनले निश्पक्ष रूपमा जनमत सङ्ग्रह गराउन सरकारी सञ्चारका माध्यमहरू खासगरी रेडियो नेपाल बहुदल पक्षलाई पनि प्रयोग गर्न दिनु पर्ने माग राखेका थिए । तर अन्य पत्रपत्रिकाहरूमा प्रायः उनले पञ्चायती व्यवस्थाका विरुद्धमा बोलेका, पक्राउ गरिएका र तारेखमा छाडिएका कुरा छापिने गर्दथे । त्यतिबेला 'अब म ७५ वटै जिल्लामा पञ्चायतको तारेख बोक्छु' भन्ने गर्दथे (अधिकारी, वि.सं.२०६४, पृ. १३६) । चारैतिरबाट विरोध हुँदा पनि उनले बहुदलको पक्षमा प्रचारप्रसार गर्न कुनै कसर बाँकी राखेनन् । वि.सं.२०३७ सालको जेष्ठ २४ गतेको टुडिखेलमा भएको आमसभामा उनीहरूका तर्फबाट जनमत सङ्ग्रहताका १३ अञ्चल र ६० भन्दा बढी जिल्लाहरूमा आमसभा भएको जानकारी गराइएको थियो । त्यसका आधारमा मनमोहन अधिकारी बहुदलका पक्षमा निकै सक्रिय भएर लागेको देखिन्छ ।

बहुदललाई सकारात्मक रूपमा लिएका वामपन्थी दलहरू एकातिर जनमत सङ्ग्रहमा सँगै जान खोजेको देखिन्थ्यो भने अर्कोतर्फ कतिपय ठाउँमा आपसमै लडभिड गर्ने गरेको अवस्था पनि थियो । त्यतिबेला बहुदलवादीहरू आपसमा सङ्गठित हुनुको सट्टा एकले अर्कालाई आरोप प्रत्यारोप

गर्ने कार्यमा व्यस्त रहेका थिए । नेकाले वामपन्थीहरूलाई विश्वास नगरे तापनि वामपन्थी पार्टीहरूले एउटा मोर्चा बनाएर जान प्रस्ताव गरेका थिए । तर उक्त प्रस्ताव नेकालाई स्वीकार गर्न सकेन । त्यसमा पनि वामपन्थीकै बीचमा एकले अर्काको झण्डा च्यात्ने, काटमार गर्नेजस्ता कामहरू समेत भए ।

### ६.७.४ जनमत सङ्ग्रहको परिणामप्रतिको प्रतिक्रिया

नेपालको इतिहासमै जनताले चाहेअनुसारको राजनीतिक व्यवस्थाको चयन गर्न गरिएको मतदानमा मतदाताले उत्साहपूर्वक भाग लिए । मतदानकालागि पञ्चायत तथा बहुदल पक्षका नेताहरू पनि सर्वसाधारण जनताको पङ्तिमा मतदान केन्द्रमा उपस्थित थिए । मनमोहन अधिकारीले विराटनगरको मतदान केन्द्रबाट मतदान गरेका थिए (अधिकारी, वि.सं.२०५४ माघ ७) जनमत सङ्ग्रहको लगतै प्रारम्भिक प्रतिक्रिया दिंदै उनले 'आज भएको जनमत सङ्ग्रहका सम्बन्धमा धाँधली नभएकोमा सबै कर्मचारी र प्रहरी धन्यवादका पात्र हुन्' भनेका थिए (आचार्य, वि.सं.२०४२, पृ. ६५९) । अधिराज्यको बस्तुस्थितिको अध्ययन र जानकारीपछि एवम् परिणाम घोषणा हुनुभन्दा अगाडि दिएको एक अर्को प्रतिक्रियामा '३२ जिल्लामा पञ्चायतले एक डेढ लाखले लीड गरिराखेको छ । यो कुरा टेलिकम्युनिकेशनको प्याडमा टाइप गरेको कागजबाट आयो । अहिले म कुनै टिप्पणी गर्दिन' भनेका थिए (देवकोटा, वि.सं.२०३९, पृ. ४५१) ।

जनमत सङ्ग्रह भएको १३ औं दिनमा अर्थात वि.सं.२०३७ साल जेठ १ गते बिहान राष्ट्रिय चुनाब आयोगका अध्यक्ष भगवतिप्रसाद सिंहले रेडियो नेपालबाट परिणाम घोषणा गरे । जसमा पञ्चायत व्यवस्था कायमै राखी त्यसमा सामयिक सुधार गर्दै जाने पक्षमा खसेको मत सङ्ख्या २४,३३,४५३, (५४.७९ प्रतिशत), र बहुदलीय शासनव्यवस्था स्थापना गर्ने पक्षमा खसेको मत सङ्ख्या २०,०७, ९६५ (४५.२१ प्रतिशत) रहेकोमा पञ्चायतको पक्षमा ४ लाख २४ हजार ४ सय ८७ मत बढी रहेको थियो (देवकोटा, वि.सं.२०३९, पृ. ४५२–५३) । जनमत सङ्ग्रहको परिणामले बहुदलवादी राजनीतिक पार्टी र तिनका नेता तथा कार्यकर्ताहरूमा एक किसिमको निरासा देखा परेको थियो । तथापि राजनीतिक पार्टी नेताहरूले सो बारेमा फरक फरक प्रतिक्रिया दिए । नेकाका नेता वी.पी.कोइरालाले 'प्रजातान्त्रिक परिपाटीअनुसार अप्रत्यासित तथा व्याख्या गर्न नसकिने भए तापनि म जनमत सङ्ग्रहको निर्णयलाई स्वीकार गर्छु, हाम्रो पक्षले प्राप्त गरेको समर्थन विशाल छ' भनी समर्थन जनाए (अधिकारी, वि.सं.२०५८, पृ. ५६५) । सोही पार्टीका अर्का नेता गणेशमान सिंहले 'यो परिणाम लोकसम्मति छैन । वि.सं.२०१७ सालको दुर्भाग्यपूर्ण घटना जस्तै यो अर्को दुर्भाग्यपूर्ण घटना हो । यस परिणामले केवल राजइच्छामा चलेको पञ्चायती

व्यवस्था अव लोकसम्मतिमा चलेको भन्ने देखाउन खोजेको मात्र हो । त्यस किसिमको धाँधलीपूर्ण जनमत सङ्ग्रहलाई लोकसम्मति कहिल्यै पनि मान्दिन' भने (देवकोटा, वि.सं.२०३९, पृ. ४६१) ।

मनमोहन अधिकारीले उक्त परिणामलाई ठाडै अस्विकार गरे । उनले आफु र आफ्ना साथीहरू सबै दलीय व्यवस्था पुनर्स्थापना गर्न र जनप्रतिनिधिले संबिधान बनाउने व्यवस्था गराउन सङ्घर्ष गर्दै जाने जानकारी गराए (देवकोटा, वि.सं.२०३९, पृ. ४६५) । त्यतिबेला जनमत सङ्ग्रह समाप्त भएको २४ घण्टासम्म काठमाडौं, भक्तपुर र ललितपुरका मतपेटिकाहरू प्रशासनको अधिनमा राखिएको हुनाले धाँधली भएको आशङ्का सर्वत्र गरियो । कतिपय जिल्लाहरूमा परिणामको मुचुल्का पनि गरिएको थिएन । राजनीतिभन्दा अलग रहेका सुरक्षाकर्मीलाई निर्दलीय राजनीतिमा मुछिएको आरोप पनि लाग्यो । शाही सेनाका व्यारेकहरूमा समेत मतदानकेन्द्र राखेर मतदान गर्न लगाइएको थियो (अधिकारी, वि.सं.२०५५, पृ. २८६) । मनमोहन अधिकारीले बहुदलको प्रचार प्रसारका क्रममा जनमत सङ्ग्रहमा धाँधली हुनसक्ने जुन धारणा राख्दै आएका थिए त्यो पूर्वानुमान सही सावित भएको थियो ।

जनमत सङ्ग्रहको परिणाम घोषणा भएपछि मनमोहन अधिकारी एक्लैले खुल्ला मञ्चमा आमसभाको आयोजना गरेर लाखौं मानिसहरूको माझमा पञ्चायत व्यवस्था र त्यसले गराएको जनमत सङ्ग्रहको चुनावी परिणामलाई हाँक दिए । 'चार लाख भोट बहुदलको चोरी गरेर निर्दलको पक्षमा राखेर सूर्यबहादुर थापाको षडयन्त्रमा निर्दलको पक्षमा परिणाम सुनाइएको हो' भनेर दुई घण्टा उनले बोलेको जवाफ पञ्चायतले दिन सकेन (उपाध्याय, वि.सं.२०६२, पृ. १८१) । जनमत सङ्ग्रहको अनपेक्षित परिणामका कारण आक्रोसित भएको युवावर्गले मनमोहन अधिकारीको आरोप सत्य भएको ठहर गऱ्यो । उनी एकाएक चर्चाको शीर्षस्थानमा रहन पुगे (नेपाल, वि.सं.२०७०, पृ. २३४) । जनमत सङ्ग्रह हुने समयतिर बहुदलको पक्षमा बलियो मत थियो । बहुदलवादीहरूमा कांग्रेसभन्दा कम्युनिस्टहरू बढी सक्रिय थिए । तर पञ्चायती शासन र उसको दबदवाका कारण पञ्चायतले जित्यो भनी त्यसबेला राष्ट्रिय पञ्चायतका अध्यक्ष रहेका रामहरि शर्माले आत्मवृतान्तमा उल्लेख गरेका छन् (वि.सं.२०५९, पृ. ९४) ।

जनमत सङ्ग्रहको परिणाम जस्तो देखापरे पनि राजाबाट उठाइएको त्यो कदम स्वागत योग्य देखिन्छ । कतिपय लेखकहरूले त्यस कदमलाई राजा वीरेन्द्रको भावनाअनुरूपको राजनीतिक उदारीकरण पनि मानेका छन् । हुन पनि नेपालको आधुनिक इतिहासमा राजाले जनताको अभिमतअनुसारको शासनपद्धति लागु गर्ने बचनबद्धता प्रकट गरेको त्यो नै पहिलो अवसर थियो (हेक, सन् १९८१ फेब्रुअरी, पृ. १८१–१८७) । मनमोहन अधिकारीको परिस्थितिको सही मूल्याङ्कन गरेका थिए । बहुदलमा विश्वास गर्ने सबै शक्तिहरूका बीचमा कार्यगत एकताका लागि प्रयास

गरेका थिए । तर अन्य दल र तिनका नेताले गम्भीरतापूर्वक लिन नसक्दाको परिणाम थियो त्यो । तथापि पञ्चायत विरोधी शक्तिहरू सङ्गठित हुन नसक्नु, पञ्चायतको शक्तिलाई हाँक दिन सक्ने कुनै योजनाको तर्जुमा गर्न नसक्नु, पञ्चायतलाई राजपरिवारको समर्थन हुनु, निर्दलीय पक्षकै सरकार हुनु, नेपाली कांग्रेसमा बहुदलले जित्छ भन्ने कुरामा अधिक आत्मविश्वास रहनु, वामपन्थी पार्टीहरूको अन्योलपूर्ण नीति रहनु र एकता हुन नसक्नु जस्ता कारणहरूले बहुदल पक्षले जनमत सङ्ग्रहमा विजय पाउन सकेन ।

## ६.८ जनमत सङ्ग्रहपछिको राजनीति (२०३७–२०४५)

वि.सं.२०३६ सालमा घोषणा गरिएको जनमत सङ्ग्रहमा सुधारिएको निर्दलीय पञ्चायती व्यवस्थाका पक्षमा बहुमत देखिएपछि बहुदलबादीहरूले त्यसलाई सहर्ष स्वीकार गर्न नसकी विभिन्न माध्यमहरूबाट त्यसको विरोध गर्न थाले । त्यसरी विरोधका कार्यक्रम गर्नेहरूमध्ये मनमोहन अधिकारी पनि एक थिए । उनले दिएका प्रतिक्रिया र विरोधका कार्यक्रमहरू यसप्रकार रहेका छन् ।

### ६.८.१ संशोधित संविधान अस्विकार्य

वि.सं.२०३७ साल बैशाख २० गते भएको जनमत सङ्ग्रहमा सुधारसहितको पञ्चायती व्यवस्थालाई नै जनताले रोजेको परिणामले देखाएको थियो । त्यसैले अबको पञ्चायती व्यवस्था कस्तो हुने भन्ने उत्सुकता नेपाली राजनीतिमा हुन थाल्यो । त्यो कुरा नयाँ बनेर आउने संशोधित संविधानको रूप नहेरी भन्न सकिने अवस्था थिएन । जनमत सङ्ग्रहको परिणामअनुसार पञ्चायती व्यवस्थालाई सुधार गर्दै लैजानका लागि राजाले मौजुदा संविधानमा सुधार गर्ने घोषणा गरेका थिए । राजा वीरेन्द्रको त्यस घोषणा बमोजिम वि.सं.२०३८ साल जेठ ८ गते 'संविधान सुधार सुझाव अयोग' समेत गठन भयो । उक्त संविधान सुधार आयोगको गठनप्रति मनमोहन अधिकारीले सबै वर्गको हित र कल्याणका लागि विभिन्न राजनैतिक कानुनबेत्ता, पत्रकार, बुद्धिजीवी र व्यापारीलगायत सबै समावेश भएको राजनैतिक सल्लाहकार परिषद्को गठन गरी संविधान सुधार गराउनु पर्ने थियो तर अब दुईचार जना मण्डलेहरूलाई समावेश गरी गठन भएको यस आयोगबाट सबै वर्गको हित होला भन्ने कुरामा म विश्वास गर्दिनँ भनि प्रतिक्रिया दिए (जन्मभूमी साप्ताहिक, वि.सं.२०३७ जेठ २६) ।

उपर्युक्त भनाइबाट स्पष्ट हुन्छ कि मनमोहन अधिकारीले एकातिर संविधानमा गरिनु पर्ने संशोधनका बारेमा सुझाव दिएका थिए भने अर्कोतर्फ जनतालाई पनि सजग रहन आह्वान गर्दै हिडेका थिए । त्यसका लागि उनी विभिन्न कार्यक्रममा सहभागी हुँदै गए । त्यसै क्रममा वि.सं.२०३७ साल साउन १२ गते कीर्तिपुर क्याम्पसमा आयोजित एक गोष्ठीलाई सम्बोधन गर्ने

क्रममा आउने संविधानमा जनमत सङ्ग्रहको निर्णय विपरित सुधारिएको पञ्चायतको नाममा निर्दलीय व्यवस्था ल्याइन्छ भने त्यसको एक मुखले विरोध गर्न हामी सडकमा उत्रन तयार हुनुपर्छ भन्दै सचेत गराए (देवकोटा, वि.सं.२०३९, पृ. ६९९) ।

मनमोहन अधिकारीको उक्त भनाइका आधारमा जनमत सङ्ग्रहपछि पञ्चायतका विरुद्ध खुलेर लागेको बुझिन्छ । जनमत सङ्ग्रहमा जितेर आएको पञ्चायती व्यवस्थाले जनता र राजनीतिज्ञहरूको सुझाव त एउटा औपचारिकताको लागि मात्र लिएको थियो । अन्ततः 'पञ्चायती व्यवस्थालाई देश र माटो सुहाउँदो' भएको विश्लेषण झुण्ड्याउँदै वि.सं.२०३७ साल पुस १ गते राजा वीरेन्द्रबाट 'संविधानको तेस्रो संशोधन २०३७' जारी भयो । संविधानमा बहुदलवादी दलहरूले सोचेजस्तो कुनै कुरा नआएपछि बहुदलीय पक्षका सम्पूर्ण राजनीतिक दलका नेताहरूलाई निरास बनायो । त्यसैले सबैले एकै स्वरमा विरोध गरेका थिए । तर विरोधमा पनि नरम र तिखो विरोध अवश्य थिए । त्यसमध्ये मनमोहन अधिकारी अलि खरो रूपमा उत्रेका थिए । उनले संविधानप्रति कटाक्ष गर्दै सरकारले तेस्रो संशोधनपछिको संविधानको आलोचना गर्न पनि प्रतिबन्ध लगाएको छ । यो संविधानलाई म मान्न तयार छैन, संविधान कुनै गीता, पुराण वा वेद होइन जसलाई आलोचना गर्न या मन नपरेको कुरा विरोध गर्न नपाउने भन्ने कुरा स्वीकार्य हुनै सक्दैन (मातृभूमी साप्ताहिक, वि.सं.२०३८ मङ्सिर २३) उनले सुरुमै विरोधी अभिव्यक्ति दिएर विरोधको श्रृखला सुरु गरेका थिए ।

### ६.८.२ पञ्चायती आमनिर्वाचन र बहिष्कारको नीति

वि.सं.२०३७ सालको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा जनमत देखीएपछि त्यसमा सुधार ल्याउन संविधानको तेस्रो संशोधन भयो । त्यो संशोधित संविधानअन्तर्गत २१ वर्ष उमेर पुगेका वालिग मताधिकारका आधारमा सम्पन्न गरिने भनिएको गाउँदेखि राष्ट्रिय पञ्चायतसम्मको आमनिर्वाचनमा सहभागी हुने वा नहुने भन्ने विषयमा वामपन्थी समूहहरूका बीचमा मतभेद देखा पऱ्यो । त्यही क्रममा संविधानको तेस्रो संशोधनपछि भएको वि.सं.२०३८ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनमा नेकपा (मनमोहन)ले बहिष्कार गर्ने निर्णय गऱ्यो भने रायमाझी र रोहित समूहले भाग लिए (रावल, वि.सं.२०४७, पृ. १३०) । 'परिस्थिति अनुकूल संविधानको संशोधन नगरिएकोले राजनीतिक अस्थिरता देखापरेको' भन्दै उनले संविधानलाई पुनः संशोधन गरिएमा मात्र राष्ट्रमा स्थिरता आउने कुरा उल्लेख गरिरहेका थिए (जन्मभूमी साप्ताहिक, वि.सं.२०३७ जेठ २६) । उनले संविधानमा भएका तानाँशाही कुराहरू, जो वि.सं.२००४ सालको कानुनदेखि अटुटरूपमा रहेका थिए तिनीहरू हट्नु पर्दछ र सङ्कटकालीन अधिकार लागू गरिनु हुँदैन भन्दै संशोधित संविधानका आधारमा गरिने भनिएको राष्ट्रिय पञ्चायतको चुनावलाई

बहिष्कार गर्ने निर्णय गरेका थिए (चर्चा साप्ताहिक, वि.सं.२०३८ बैशाख १५) । पार्टीले लिएको बहिष्कारको नीतिलाई लिएर अधिराज्यका विभिन्न ठाउँहरूमा आमसभाको आयोजना भए । आमनिर्वाचनलाई बहिष्कार गर्ने पहिलो आह्वान टुँडिखेलको खुलामञ्चबाट गर्दै सम्पूर्ण बहुदलवादी शक्तिहरूलाई निर्वाचन बहिष्कार गर्न आह्वान गरियो ।

वि.सं.२०३८ सालमा भएको पञ्चायती चुनावलाई नेकपा, नेकपा माले, नेकालगायतका राजनीतिक दलहरूले बहिष्कार गरेका थिए । मनमोहन अधिकारीले चुनाव वहिष्कार गर्ने क्रममा ठाउँ ठाउँमा कार्यक्रम पनि गरेका थिए । चुनावमा विस्तारै पञ्चायती व्यवस्थाका समर्थक पुराना पञ्चहरूलाई जिताउन सरकारी साधन र स्रोतको दुरूपयोग गर्न थाल्यो । उनले पङ्गु संविधानअनुसार गरिने चुनाव जनताको पक्षमा हुन सक्दैन भन्दै पञ्चायती चुनाव केही व्यक्तिहरूलाई नेता बनाउनका लागि गरिएको प्रतिक्रिया दिएक । उक्त चुनाव किन वहिस्कार गर्नु परेको थियो भन्ने सम्बन्धमा मनमोहन अधिकारीले चुनाव लडेरमात्र के गर्ने ? सबै क्षेत्रबाट पञ्चलाई चुनाव जिताउन सरकारी साधन र स्रोतको दुरूपयोग गर्दथे । व्यवस्थाको विरोध गर्न पाइदैनथ्यो । जनताका कुरा सदनमा बोल्न पाइदैनथ्यो । त्यस्तो चुनावको केही औचित्य थिएन त्यसैले हामीले बहिष्कार गऱ्यौं (अधिकारी, वि.सं.२०५४ चैत्र १९) भन्ने गरेको पाइन्छ । उनका दृष्टिमा पञ्चायती चुनाव जनमत सङ्ग्रहको अर्को रुप थियो । जसरी जनमत सङ्ग्रहमा धाँधली गरेर जिताइयो त्यसै गरी पञ्चायती व्यवस्थाका पृष्ठपोषकलाई जनतावाट निर्वाचित भएको भनी देखाउने खेलमात्र हो भन्ने स्पष्ट दृष्टिकोण रहेको थियो । कतिपय अवस्थामा पञ्चायती चुनावको उपयोग गर्नेहरूको आलोचना गर्दै मौलिक अधिकारको ग्यारेन्टी र राजनीतिक स्वतन्त्रता भएमा मात्र चुनावमा भाग लिने नीति आफ्नो पार्टीको अडान रहेको स्पष्ट पारेका थिए ।

वि.सं.२०४१ सालको चैत्र महिनाको तेस्रो सातामा बसेको नेकपा (मनमोहन समूह) को केन्द्रीय कमिटीको बैठकले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्थिति र वामपन्थी शक्तिहरूले देशको प्रजातान्त्रिक आन्दोलनमा तत्काल खेल्नुपर्ने भूमिकाका बारेमा छलफल गरी विभिन्न निर्णयहरू लियो । जनमत सङ्ग्रहमा 'अल्पमतको विचार पनि कदर गरिने छ, जनमत सङ्ग्रहको दौरानमा प्राप्त अधिकार खोसिने छैन' भनेर आश्वासन दिएको सरकारले आफ्नो पूर्वघोषित वचनलाई समेत तोडेर जनमत सङ्ग्रहको समयमा प्राप्त सीमित अधिकार पनि खोस्ने षडयन्त्रपूर्ण कार्यविधिलाई लागू गर्ने उद्देश्य राखेको कुरा उल्लेख थियो । त्यसै गरी सहिद दिवसजस्तो राष्ट्रिय विभूतिहरूको दिवस मनाउन आयोजित सभाहरूमा समेत प्रतिबन्ध लगाएर निर्दलीय व्यवस्था नै बलजफ्ती लागू गर्ने जनविरोधी कदम सरकारले उठाईसकेको धारणा व्यक्त गरेका थिए (मातृभूमी साप्ताहिक, वि.सं.२०४२ बैशाख ४) । उनले सङ्गठनको सिद्धान्तमा विश्वास गर्ने बहुदलवादीहरूका लागि 'निर्दल' शब्द कुनै हालतमा पनि स्वीकार हुन नसक्ने कुरा प्रष्ट पार्दै आफ्नो पार्टीले निर्दलीय

व्यवस्थाको विरुद्ध जनसङ्घर्ष गर्ने उद्देश्य लिएर सबै बामपन्थी समूहहरू र प्रजातान्त्रिक समूहहरूसमक्ष न्युनतम मागहरूका आधारमा साझा कार्यक्रम बनाएर संयुक्त पहलकदमी उठाउने प्रस्ताव अगाडि सा-यो ।

वि.सं.२०३८ सालको निर्वाचन कांग्रेस र कम्युनिस्ट पार्टीका अधिकाङ्श समूहहरूले बहिष्कार गरेका थिए । त्यस बहिष्कारप्रति पञ्चायती शासकहरूले कुनै चासो दिएका थिएनन् । गाउँगाउँमा स्थापित र वडावडामा सङ्गठित रूपमा रहेको तत्कालीन पञ्चायती शासकसँग लामो समयदेखि प्रतिवन्धित रहेका राजनीतिक दलका नेताहरूले प्रतिस्पर्धा गर्न सक्ने अवस्था थिएन । फलस्वरूप ती राजनीतिक दलसँगको सम्वन्ध टाढीदै जाने देखेर केही कम्युनिस्ट घटकहरूले पञ्चायती आमनिर्वाचनमा भाग लिई पञ्चायतभित्रै पसेर त्यसलाई ध्वस्त पार्ने रणनीतिमा लागे (वर्ग सङ्घर्ष, वि.सं.२०४३ कार्तिक, पृ. ५६) । वि.सं.२०४३ मा दोस्रो आमनिर्वाचनको समय नजिकिदै गएपछि निर्वाचनमा सहभागी हुने वा नहुने भन्ने विषयमा विभिन्न वामपन्थी समूहहरूका बीचमा फेरि विवाद देखियो । मनमोहन अधिकारीले मौलिक अधिकारको ग्यारेण्टी र राजनीतिक पार्टीहरूको स्वतन्त्रता भएमात्र आम निर्वाचनमा सहभागी हुने जानकारी दिंदै निर्वाचनमा सहभागी हुने अन्य वामपन्थी दलहरूको आलोचना गरे (चर्चा साप्ताहिक, वि.सं.२०४२ माघ २१) ।

आमनिर्वाचनको विषयलाई लिएर केही वामपन्थी समूहहरू सहभागी बन्नको नीम्ति आवश्यक वातवरणको सृजना गर्ने तर्फ सक्रिय भए भने केही बहिष्कारको नीतिमा यथावत कायम रहेका थिए । निर्वाचनमा सहभागी हुने र वहिष्कार गर्ने दुवै पक्षले आफ्नो अडान मार्क्सवादसम्मत रहेको दावी गर्दै त्यसको पुष्टिका लागि समय र परिश्रम खर्च गरेका थिए । पहिलो आमनिर्वाचनमा बहिष्कारको आह्वान गर्दै देशका विभिन्न ठाउँमा हिडेका मनमोहन अधिकारी त्यसपटक भने केवल निश्क्रिय बहिष्कारको अवस्थामा रहेका थिए । तर पार्टीको नीति विपरित निर्वाचनमा भाग लिएका केही व्यक्तिहरू निश्कासनमा समेत परे (रावल, वि.सं.२०४७, पृ. १३२) । त्यसबेलाको नेकपा मनमोहन समूहको साङ्गठनिक स्थिति, निर्दलीय व्यवस्था र त्यसैअनुसारको सरकारले गर्न लागेको निर्वाचन आदिको मूल्याङ्कन गर्दा पार्टीले निर्वाचन बहिष्कार गर्नु स्वाभाविक देखिन्छ किनकि उनको पार्टी त्यतिबेला कतै पनि बलियो अवस्थामा रहेको पाइदैन ।

### ६.८.३ वि.सं.२०४२ सालको सत्याग्रह र सहभागिता

वि.सं.२०३३ सालमा प्रवासमा रहेका वी.पी.कोइरालालगायत नेताहरू मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि शान्तिपूर्ण तरिकाले पञ्चायत र तत्कालीन सरकारको विरोध गर्न थालेका थिए । जनमत सङ्ग्रहको परिणाम विधिवत प्रकाशमा आएपछि राजा वीरेन्द्रबाट पञ्चायती

व्यवस्थामा समसामयिक सुधार गर्दै लैजाने बचनबद्धता व्यक्त गरेअनुरूप बहुमतको पालना र अल्पमतको कदर गर्ने घोषणा गरेका थिए । तर वि.सं.२०३७ साल पुस १ गते गरिएको संविधानको संशोधनमा अल्पमत पक्षको कदर गरिने खालका कुनै सङ्केतहरू देखिएनन् । बरू 'सबै नेपाली पञ्च र सबै पञ्च नेपाली' भन्ने राजवाणिका आधारमा सबै विपक्षहरूलाई पञ्चायतकै मूलधारमा समाहित गर्ने प्रयास गरियो । अर्को तर्फ विना आन्दोलन पञ्चायती व्यवस्थाको अन्त्य हुनेवाला थिएन । त्यसैले वि.सं.२०४० साल चैत्र २४ गते काठमाडौंमा सम्पन्न नेकाको राष्ट्रव्यापी सम्मेलनले सबै प्रजातन्त्रवादी शक्तिहरूको सहयोगले देशव्यापी शान्तिपूर्ण र अहिङ्सात्मक जनआन्दोलन गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार नेकाले वि.सं.२०४२ जेष्ठ १० गतेदेखि अहिङ्सात्मक सत्याग्रह आन्दोलन गर्ने निर्णय गऱ्यो । आन्दोलनका मागहरू राखेर राजालाई एक स्मृतिपत्रका रूपमा बुझायो । स्मृतिपत्रमा सामाजिक, शैक्षिक र राजनैतिक मागहरूका साथै पञ्चायती राजनीतिक स्थिति रहेसम्म कुनै पनि प्रकारले नेपाली जनजीवनमा नवजीवनको सञ्चार असम्भव देखिएकोले त्यस व्यवस्थामा आमूल परिवर्तन हुनु आवश्यक भएको कुरा उल्लेख गर्दै सत्याग्रहको उद्देश्य "दलहरूमाथिको प्रतिबन्ध हटाई मुलुकमा पूर्ण प्रजातन्त्रको स्थापना गर्नका लागि हो" भनियो । नेकाले चलाउन लागेको सत्याग्रह आन्दोलन सुरुमा 'कुनै पनि राजनीतिक समूहहरूसँग मिलेर संयुक्त रूपमा चलाइने छैन' भने तापनि वि.सं.२०४२ साल जेष्ठ ३ गते पत्र लेखी निकट भविष्यमा हुन गइरहेको आन्दोलनका लागि सबैको सहयोग र समर्थनका लागि अनुरोध गऱ्यो ( मातृभूमी साप्ताहिक, वि.सं.२०४२ जेठ ८) । त्यसपछि नेकाका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराइले पूर्णप्रजातन्त्र स्थापनाका लागि नेकाले प्रारम्भ गरेको सत्याग्रहलाई सफल पार्न सबै प्रजातान्त्रिक शक्तिहरूलाई पनि सहयोग गर्न आग्रह गरे । त्यस्तै नेकाका अर्का नेता गणेशमान सिंहले त्यसै वर्षको जेष्ठ ११ गते एक अपिल प्रकाशित गर्दै देशका सबै शिक्षणसंस्था, उद्योग कलकारखाना बजारलगायत अन्य प्रतिष्ठानहरू बन्द गरी नेपाल बन्दमा सहयोग पुऱ्याउन आह्वान गरे (युगज्ञान साप्ताहिक, वि.सं.२०४२ जेठ १६) । नेकाले सत्याग्रहको आन्दोलनलाई अगाडि सारेपछि मनमोहन अधिकारीले विनासर्त उक्त आन्दोलनलाई सहयोग गर्ने निर्णयमा पुगे । आन्दोलनलाई समर्थन गर्नाको कारण निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्नु र कमजोर बनाएर फाल्नु रहेको थियो (खतिवडा, वि.सं.२०५३, पृ. ६३) ।

मनमोहन अधिकारीले सत्याग्रह आन्दोलनमा सहभागी हुने निर्णय लिएपछि उनलाई 'मनमोहन अधिकारी कांग्रेसको पुच्छर हो' भन्ने अन्य वामपन्थी पार्टीहरूले आरोपसमेत लगाइए । जुन आरोप त्यसअघि पुष्पलाललाई लगाउने गरिन्थ्यो । तर उनले आफ्नो दृष्टिकोण सही भएको ठहर गर्दै सत्याग्रह आन्दोलनमा सरिक हुने निर्णयमा नै अडिग रहे (कार्की, वि.सं.२०५३, पृ. ३७) ।

सत्याग्रह आन्दोलनप्रति मनमोहन अधिकारीको त्यो धारणा भए तापनि अन्य वामपन्थी दलहरूको त्योभन्दा फरक धारणा रहेको थियो । छुट्टाछुट्टै धारणा राख्ने र एकै ठाउँमा उभिनसमेत नचाहने वामपन्थी दलहरूलाई मनमोहन अधिकारीको प्रयासपछि 'एकता सङ्घर्ष समिति' गठन गर्न सफल भएका थिए । एकता सङ्घर्ष समितिमा मनमोहन समुह, कृष्णराज वर्मा, विष्णुबहादुर मानन्धर, तुलसीलाल अमात्य र चौम सहभागी भएका थिए (बर्मा, वि.सं.२०७० असार ११) । प्रजातन्त्रका लागि सङ्घर्षरत सम्पूर्ण वामपन्थी समुहहरूले सत्याग्रहप्रति पूर्णसमर्थन र सहयोगको बचनबद्धता व्यक्त गरे । त्यही क्रममा पाँचवटा वामघटकहरूले नेकाले सत्याग्रहमा उठाएका मागहरूसँग मिल्दाजुल्दा नौवटा मागहरू राखेर संयुक्त वक्तव्य प्रकाशमा ल्याए (मातृभूमी साप्ताहिक, वि.सं.२०४२ जेठ ८) । यसरी छुट्टै खालको माग राखे तापनि नेकाले सुरु गरेको आन्दोलनलाई बल पुऱ्याउने उद्देश्यले ती मागहरू आएका थिए ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार वि.सं.२०४२ साल जेठ १० गतेदेखि अहिंसात्मक सत्याग्रह आन्दोलन प्रारम्भ भयो । नेकासँगको कार्यगत एकताको आह्वानमा नेपालका पाँच वामपन्थी समूहहरू आफ्ना नौवटा मागहरूसहित जेठ १४ गते सत्याग्रहमा उत्रिए । उक्त दिन मनमोहन अधिकारीले असनमा भाषण गरी गिरफ्तारी दिने योजना बनाएका थिए । तर प्रशासनले सो योजना पहिले नै थाहा पाएको हुनाले प्रहरी परिचालन गरी विहानैदेखि त्यस क्षेत्रका तरकारी पसलहरूलाई अन्यत्रै सारेर असन जाने छ वटा मार्ग कब्जा गरी मसानघाट जस्तै सुनसान बनायो । प्रशासनको हस्तक्षेपपछि मनमोहन अधिकारीले त्यसको विकल्पमा टौदहमा भाषण गर्न जाँदै गर्दा त्यहीँबाट गिरफ्तार गऱ्यो (समीक्षा साप्ताहिक, वि.सं.२०४२ जेठ १७) ।

सत्याग्रह आन्दोलनलाई निश्क्रिय बनाउने उद्देश्यले प्रशासनले आन्दोलनकारीहरूलाई व्यापक रूपमा धरपकड गरेको थियो । जसका कारण राजधानीका सेन्ट्रल जेल, नख्खु जेल लगायत पुलिसका चौकिसमेत भरिभराउ थिए । उपत्यका बाहिर चितवन, पोखरा, विराटनगर लगायतका सहरमा पनि व्यापक धरपकड चलायो । प्रशासनले गिरफ्तार गरिएकाहरूलाई एउटा सानो कोठामा खादेर राख्ने, पानीसमेत पिउन नदिने जस्ता दुर्व्यवहार गऱ्यो । सामान्य सर्मथकहरू लाई समात्दै छाड्दै गरे तापनि आन्दोलन हाक्ने शीर्षनेताहरूलाई जेलमा राखको हुँदा आन्दोलन क्रमशः शिथिल हुँदै गएको महसुस गयो । त्यसै क्रममा वि.सं.२०४२ साल असार ५, ६, र ७ गते काठमाडौं लगायत देशका विभिन्न ठाउँहरूमा अकस्मात बम विस्फोट भए ।

राजनीतिक दलहरूले सत्याग्रह आन्दोलन सुरूगर्दा अहिङ्सात्मक हुने कुरा उल्लेख गरेका थिए । तर देशका विभिन्न ठाउँमा बम बिष्फोट भएको हुनाले आन्दोलन हिङ्सात्मक बन्ने सङ्केत देखिएपछि स्थगित गरियो । त्यतिबेला सत्याग्रह आन्दोलनमा भाग लिएर जेल परेका मनमोहन

अधिकारीको स्वास्थ्य निकै कमजोर हुँदै गएको थियो । थुनामा पर्नुभन्दा अघिदेखि नै उनी विभिन्न रोगले पीडित थिए । रोगले ग्रस्त भए तापनि आन्दोलन स्थगित भएको तिन महिना बितिसक्दा पनि थुनामै राख्यो । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा उनीलगायत अन्य राजनीतिक बन्दीहरूको रिहाइको माग हुँदै जाँदा सरकारले नेताहरूलाई क्रमशः रिहाई गर्न थाल्यो । त्यही क्रममा मनमोहन अधिकारीलाई वि.सं.२०४२ साल कार्तिक ३ गते रिहा गरिएको थियो (डेलिडायरी साप्ताहिक, वि.सं.२०४२ कार्तिक ४) । नेकाले सुरु गरेको सत्याग्रहलाई सहयोग पुऱ्याउने उद्देश्यले मनमोहन अधिकारीले केही वामपन्थीहरूलाई समेट्दै आन्दोलनमा सरिक भएको हुनाले त्यसपछिका दिनमा वामपन्थी एकता सकारात्मक दिशामा अगाडि बढ्न सजिलो भएको थियो ।

वि.सं.२०४२ सालको सत्याग्रह आन्दोलनमा नेका र वामपन्थीहरूका बीचको सहकार्य बहुदलवादीहरूको पहिलो परीक्षण थियो । त्यसले तत्कालमा उद्देश्यअनुरूपको उपलब्धि हासिल गर्न सकेन तापनि कतिपय सकारात्मक परिणामहरू भने निस्किएका थिए । त्यस कार्यले नेपालका प्रतिबन्धित राजनीतिक दलहरूको भावी राजनीतिक कार्यक्रमलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याएको थियो । पञ्चायत विरोधी राजनीतिक शक्ति कांग्रेस र कम्युनिस्टहरूका बीच समिप्यता र समन्वयको नयाँ अध्यायको थालनी हुनु त्यसको एउटा महत्वपूर्ण पक्ष थियो । त्यही धरातलमा पञ्चायतइतर राजनीतिक शक्तिहरू विस्तारै आपसमा नजिकिदै र सङ्गठित बन्दै गइरहेका थिए ।

## ६.९ नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी)को गठन र मनमोहन अधिकारी

वि.सं.२००६ सालमा भारतको कलकत्तामा नेकपाको स्थापना भएको नेकपा दरभङ्गा प्लेनमसम्म आइपुग्दा आन्तरिक मतभेदका बाबजुद पार्टी एकीकृत अवस्थामा नै थियो । वि.सं.२०१९ साल बैशाखमा केन्द्रीय समितिका तिन जना सदस्यहरूद्वारा बनारस महाधिवेशनको आयोजना गरिएदेखि कम्युनिस्ट पार्टी फुट्ने क्रम सुरु भयो । त्यसपछि त कम्युनिस्ट आन्दोलनभित्र गुट तथा उपगुटहरूको बाढी नै आउन थाल्यो । विभाजित भएका समुहहरू एकले अर्कालाई गद्दार, संशोधनवादी, दलाल, प्रतिक्रियावादी जस्ता कटु शब्दमा गालीगलौज गर्ने गरेका थिए । त्यसरी टुटफुट हुँदै गएको नेकपालाई एकीकृत गर्ने तर्फ खासै ध्यान पुग्न सकेको थिएन ।

वि.सं.२०२८ सालमा मनमोहन अधिकारीसहितका नेताहरूले केन्द्रीय पार्टीको निर्माणका लागि न्युक्लियसको गठन गरेका भए पनि छोटो समयमा नै विभाजित विघटन भयो । विश्व कम्युनिस्ट राजनीतिमा आएको परिवर्तनसँगै पार्टी झन्झन् टुक्रिँदै जाने क्रम बढ्दै गयो । मनमोहन अधिकारीले नेतृत्व गर्दै आएको पूर्वकोशी प्रान्तीय कमिटीमा झापाका युवाहरूले क्रान्तिकारी बाटो समाएपछि कार्यकताको कमी हुँदै जादा उनी माउरी विनाको रानोजस्तै हुँदै थिए । वि.सं.२०३६ सालको भाद्र महिनामा एकता सम्मेलन गरी नेकपाको (मनमोहन समूह) गठन

नगर्दासम्म त्यो स्थिति कायम रह्यो । जनमत सङ्ग्रहपछिका पञ्चायती निर्वाचनहरूमा बहिष्कारको नीति लिएको त्यस पार्टीले वि.सं.२०४० साल चैत्र ६ देखि ९ गतेसम्म गोरखपुरमा केन्द्रीय विस्तारित बैठक (प्लेनम) सम्पन्न गऱ्यो । मूलवामपन्थी समूहबाट अलग भएपछि मनमोहन अधिकारीले गरेको त्यो पहिलो प्लेनम थियो ।

पुष्पलालको निधनपश्चात् सहाना प्रधानलाई पार्टी नेतृत्वमा ल्याएर अगाडि बढाउन खोजेका भए तापनि वि.सं.२०३१ सालमा चौमको गठन र २०३५ मा नेकपा मालेको स्थापनापछि त्यो पार्टीका धेरैजसो नेता कार्यकर्ता चौम र मालेमा गइसेका थिए (कोइराला, वि.सं.२०५३ चैत्र, पृ. १८७) । अर्कोतर्फ स्वयम् मनमोहन अधिकारीले कम्युनिस्ट पार्टीको गठन गरे तापनि त्यसलाई पूर्ण विश्वास गर्न सकेका थिएनन् । त्यही परिवेशमा महासचिव रहेका हिक्मत सिंह भण्डारीले पार्टी छाडी सकेका थिए । त्यसपछिका दिनमा मनमोहन अधिकारीको पार्टी सङ्गठनात्मक रुपमा बलियो होइन कि पार्टी गठन गर्दाको अवस्थामा भन्दा पनि कमजोर हुँदै जाँदा चिन्तित थिए । जुन कुरा विभिन्न ठाउँमा बोलेका अभिव्यक्तिबाट पुष्टी हुन्थ्यो । वि.सं.२०४१ सालमा पुष्पलालको छैटौं स्मृति दिवसमा उनले १२ डफ्फामा विभाजित रहेकामा कम्युनिस्टहरू डफ्फा घटाउँदै लगेर अन्तमा एक हुनुपर्ने कुरामाथि जोड दिए । तर त्यतिबेला चिन्ताले मात्र काम गर्ने अवस्था थिएन । वामपन्थी दलहरूका बीचमा एकता हुन नसक्नुका कारण पहिल्याउनु पनि त्यत्तिकै आवश्यक थियो । वामपन्थीहरूका बीच एकता हुन नसक्नु बारे उनको विचारलाई समीक्षा साप्ताहिकले यसरी उल्लेख गरेको पाइन्छ :

> एउटा समूहले फलानो बसेको सभामा हामी आउँदैनौं भन्ने गरेकालाई तपाई बाजे हो ? बाहुन हो ? वामपन्थी राजनीतिमा त्यो कस्तो छूवाछुत ? कुरै पनि गर्दिन रे ! त्यो के हो ? भनी आफ्नो सदाको धीर-गम्भीर स्वरमा प्रश्न गर्दै अगाडि वामपन्थीले आफ्ना भुलहरूलाई नियालेर हेर्नुपऱ्यो, खोज्नुपऱ्यो र फेला पारेर ती भुलबाट शिक्षित भई एकतामा गाँसिनु पऱ्यो । हामी वामपन्थिहरूले फाटोलाई बिर्सौं र आपसमा मिलन बिन्दु खोजौं, मतभेदमाथि जोड दिने होइन कि तिनलाई थाती राखेर एक अर्काबीच समानताको आधार खोजौं । सबै वापमन्थी पक्षबाट गल्ती भएको छ । ती गल्तीका विवरण जेसुकै होऊन् गल्तीको मूल चरित्र के हो भने हामी नेपाली वामपन्थीहरू मार्क्सवादी लेनिनवादी धारबाट विचलित हुँदै जान थाल्यौं । (वि.सं.२०४१ श्रावण १२)

उपर्युक्त भनाइलाई हेर्दा मनमोहन अधिकारीले वामपन्थी पार्टीहरूको फूटको कारण पत्ता लगाएर त्यस्तो गल्ती दोहऱ्याउन नहुने धारणा अगाडि सारेको पाइन्छ ।

मनमोहन अधिकारीले नेतृत्व गरेको पार्टीको प्रथम सम्मेलनपछि सहाना प्रधानले नेतृत्व गरेको पार्टीसँग निकटता बढ्दै जादा पुष्पलालको निधन भएपछि एक प्रकारले नेतृत्वविहिन जस्तै भएको उक्त समूह र मनमोहन समूहलाई (मनमोहन अधिकारीको पार्टीलाई मनमोहन समूह पनि भन्ने गरेको पाइन्छ) एकीकृत गर्नु पर्ने प्रसङ्ग क्रमशः अगाडि बढ्दै जान थाल्यो (खतिवडा, वि.सं.२०५३, पृ. ६१) फतलः पार्टी एकीकरणको विषयलाई लिएर भारतको सारनाथमा

वि.सं.२०३४ साल चैत्र १४-१७ गतेसम्म दुवै समूहको संयुक्त सम्मेलन भई नयाँ समूहको गठन भयो । जसलाई त्यसपछि नेकपा (मार्क्सवादी) भनियो । सम्मेलनले ३७ सदस्यीय केन्द्रीय समिति र नौ सदस्यीय पोलिटव्युरोसहित महासचिव मनमोहन अधिकारी र सचिवमा सहाना प्रधानलाई चयन गऱ्यो (उपाध्याय, वि.सं.२०७० जेठ ७) । सम्मेलनले अमेरिकालाई साम्राज्यवादी प्रथम अन्तर्राष्ट्रिय शत्रु, पञ्चायतलाई पहिलो राष्ट्रिय शत्रु भन्ने ठहर गऱ्यो । समाजवादी शिविरभित्र रूस र चीन बीचको सम्बन्धको सरलिकरणलाई स्वागत गरियो । सम्मेलनले त्यसपछिको एक वर्षभित्र अधिवेशन गर्ने र समग्र वामपन्थीहरू बीच एकताको निम्ति कोसिस गर्ने निर्णयसमेत गऱ्यो (समीक्षा साप्ताहिक, वि.सं.२०४३ चैत्र २०) । नेकपा मार्क्सवादीको गठनपछि अन्तर्राष्ट्रिय रूपमा पनि त्यसको सकारात्मक सन्देश गयो । फलत भारतीय (मार्क्सवादी) पार्टी र भारतका अन्य कम्युनिस्ट पार्टीसँग त्यसको राम्रो सम्बन्ध कायम हुन सक्यो ।

लामो समयसम्म छुट्टाछुट्टै रूपमा काम गर्दै आएका दुवै पार्टीले विगतका आआफ्ना कमी कमजोरीहरूलाई सुधार गर्दै एकता सफल भयो । जुन एकताले अन्य वामपन्थी पार्टीहरूलाई पनि प्रोत्साहित गऱ्यो । सुरुसुरुमा त्यो एकतालाई पारिवारिक रुपले 'साली भेनाको मिलन' भन्दै प्रतिक्रिया पनि दिने गरिएको थियो । हुन पनि एकीकरणपछि बनेको त्यो पार्टीले पनि राजनीतिक क्षेत्रमा त्यति ठूलो हलचल ल्याउन सकिरहेको थिएन । तथापि सधैं फुट्नमात्र जानेका कम्युनिस्ट पार्टीहरूलाई जुट्न पनि सकिन्छ भन्ने शिक्षा दिन भने सफल भएको थियो । त्यसरी बनेको पार्टीले दुई वर्षपछि नै वि.सं.२०४५ मार्ग ३–५ मा सम्पन्न भएको विस्तारित बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिहरूको सिंहावलोकन गरी सङ्घर्ष विना नेपालमा प्रजातन्त्र पुनस्थापित हुन नसक्ने टुङ्गोमा पुग्यो । साथै वामपन्थी शक्तिहरूले प्रजातन्त्र पुनस्थापनाका लागि प्रभावकारी भूमिका निर्वाह गरी संयुक्त जनआन्दोलन गर्नु पर्ने कुरालाई पनि जोड दियो (युगधारा साप्ताहिक, वि.सं.२०४५ मङ्सिर १६) । त्यसरी मनमोहन अधिकारीकै प्रयासले गर्दा मार्क्सवादी पार्टीको गठन र वाम एकाताको प्रयास अगाडि बढ्न सम्भव भयो ।

### ६.१० निष्कर्ष

संविधानसभाको निर्वाचनलाई छल्ने मनसायले वि.सं.२०१५ सालमा संसदको निर्वाचन गरिएको भए तापनि त्यसपछि देशमा राजनीतिक स्थिरता आउने आशा भइरहेको थियो । तर राजा स्वयम्‌बाट बनाइएको संविधानका आधारमा गठित सरकार सधैं खुकुरीको दाउमा रह्यो । वि.सं.२०१७ सालको शाही कदम त्यसैको परिणाम थियो । राजाको त्यो कमदबाट राजनीतिक दलहरू सन्तुष्ट नभए तापनि सशक्त रूपमा प्रतिवाद गर्न सकेनन् । त्यसपछि नेकपा विभिन्न घटकमा विभाजित नै भयो । पार्टीका निर्णयहरू संस्थागत नभई व्यक्तिगत चाहनामा हुनथाले । त्यसैको परिणाम स्वरुप मनमोहन अधिकारी वक्तव्य दिएर जेलबाट छुटेका थिए । जुन वक्तव्यले उनलाई राजावादी बनाएको

थियो तर जीवन भने पञ्चायती व्यवस्थाका विरुद्ध जुद्धाजुध्दै वित्यो । त्यस क्रममा कतिपय अवस्थामा आफैले नेतृत्व गरेका पुर्वकोशी प्रान्तीय कमिटीले गर्न लागेको सशस्त्र आन्दोनमा सहमत हुन नसक्दा कुनै बेलाका महासचिव कालान्तरमा एउटा व्यक्तिमात्र भएर पनि हिड्नु पर्‍यो । उनका पछाडि कुनै ठूलो मास थिएन । विचार, सिद्धान्त र नीतिले पनि खासै आकर्षण गराउन सकेका थिएनन तथापि उनमा निरन्तरता थियो । आफ्नो लक्ष्यमा अविचलति थिए । सामान्य व्यवहार थियो । लोभलालचा थिएन । त्यसैले त्यतिवेलाको सरकार पनि उनी देखि डराउथ्यो । उनी पञ्चायती व्यवस्थाका विरुद्धमा रहेका सबै पार्टी एक भएर आन्दोलनमा जाने हो भने प्रजातन्त्र पुनस्थापना गर्न सकिन्छ भन्नेमा विश्वस्त थिए । त्यसैले जनमत सङ्ग्रह हुँदाकै बेलामा नेकासँग सहकार्यको प्रस्ताव गरेका थिए । सत्याग्रह आन्दोलनमा सहभागी भएका थिए । जुन सहभागिता संयुक्त आन्दोलनको पृष्ठभूमी तयार पार्नमा कोशेढुङ्गा सावित भयो । त्यसपछि नै दलहरूका बीच कार्यगत एकता भएर जनआन्दोलन हुन सक्यो ।